कम्पनी ऐन,२०६३, अर्न्तगत संस्थापित र सञ्चालित एवं बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ अनुसार वित्तीय व्यवसाय गर्न अनुमति प्राप्त

# नेपाल बैंक लिमिटेड
# NEPAL BANK LIMITED


नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्र प्राप्त संस्था

रजिष्टर्ड/कर्पोरेट कार्यालयः–काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. २२, धर्मपथ

पोष्ट वक्स नं.३६, फोन न. ४२४७९९९/४२३९८८८, फ्याक्स नं. ४२२०४१४

**Email:** info@nepalbank.com.np **URL:** www.nepalbank.com.np


## १० वर्ष अवधि तथा वार्षिक ८.५० प्रतिशत ब्याजदर भएको "८.५०% नेपाल बैंक ऋणपत्र-२०८७" को

# विवरण–पत्र

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

दश वर्ष अवधि तथा वार्षिक ८.५० प्रतिशत ब्याजदर भएको प्रति ऋणपत्र रु.१,०००/– अंकित मूल्यका ३५ लाख कित्ताले हुन आउने कुल रु. ३ अर्ब ५० करोड बराबरको ऋणपत्रमध्ये १४ लाख कित्ता ऋणपत्रले हुन आउने कुल रु. १ अर्ब ४० करोड ऋणपूँजी रकम (५% अर्थात ७०,००० कित्ता सामूहिक लगानी कोषका लागि छुट्याईएको) सर्वसाधारण नेपालीको लागि सार्वजनिक निष्काशनबाट बिक्री गरिने र २१ लाख कित्ता ऋणपत्रले हुन आउने कुल रु. २ अर्ब १० करोड ऋणपूँजी रकम विभिन्न व्यक्ति तथा संघ संस्थाहरुलाई व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिने ।

**दरखास्त साथ प्रति ऋणपत्र रु.१०००/–को दरले (शत प्रतिशत) भुक्तानी माग गरिएको ।**

कम्पनीको नेटवर्थ तथा प्रति शेयर आम्दानीमा भएको वास्तविक तथा प्रक्षेपित प्रतिफल देहाय बमोजिम रहेको छ :

| विवरण | वास्तविक | | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | ०७४/०७५ | ०७५/०७६ | ०७६/०७७ | पौष मसान्त २०७७ (अपरिष्कृत) | ०७७/०७८ | ०७८/७९ | ०७९/८० |
| प्रति शेयर आम्दानी रु. | ३९.९८ | २६.९९ | २०.६८ | २१.३७ | २१.३७ | २४.३४ | २७.७० |
| प्रति शेयर नेटवर्थ रु. | २८५.०० | २९८.४५ | २६६.१७ | २५३.१८ | २५५.४४ | २७९.७८ | ३०७.४९ |
| संचित नाफा नोक्सान (रु. हजारमा) | (४३७,१९१) | २,८९५,६९३ | ३,१०२,७२१ | ३,३२७,२७८ | ४,८११,५७० | ६,८८३,०६२ | ९,२९४,९१५ |

**लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचीकरण पश्चात धितोपत्र बजारमा हुने कारोवार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको दफा ८ मा उल्लिखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

**नियमन निकायको जवाफदेहिता नरहने उद्घोषण :**

यस विवरणपत्रमा उल्लिखित धितोपत्र सार्वजनिक निष्काशनका लागि तयार गरिएको यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी कानून बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृति प्रदान गरेको छ । यसरी बोर्डले विवरण-पत्रमा स्वीकृति प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमन निकायले विवरण-पत्रमा उल्लिखित कुराको सत्यता वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूति गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

यस बैंकलाई ICRA Nepal Limited ले Low Credit Risk जनाउने "ICRANP -IR] A[1]" (pronounced as ICRA NP Issuer Rating Single A) ग्रेडिङ्ग मिति २०७७/०१/१२ मा प्रदान गरेको छ । उक्त क्रेडिट रेटिङ्ग प्राप्त गर्ने संस्थालाई समयमानै वित्तीय दायित्व पूरा गर्ने तथा कर्जा जोखिम न्यून भएको संस्थाको रुपमा लिईन्छ । उक्त रेटिङ्गको समयावधि रेटिङ्ग प्रदान गरिएको मितिबाट १२ महिनासम्म कायम रहनेछ । इक्रा रेटिङ्गको समयावधि यही मिति २०७८/०१/११ मा समाप्त हुने भएकोले आगामी १ वर्षसम्मको लागि रेटिङ्ग गर्ने कार्य प्रक्रियामा रहेको ।

यस विवरणपत्र मार्फत निष्काशन हुने ऋणपत्र बैंकको सम्पत्ति सुरक्षण नराखी निष्काशन गरिएको असुरक्षित ऋण (Unsecured Debt) भएको र कथंकदाचित बैंक टाटपल्टिएमा अन्य सुरक्षित साहू र निक्षेपकर्ता भन्दा पछि मात्र भुक्तानीमा प्राथमिकता हुने गरी निष्काशन गरिएको सहायक ऋण (Subordinated Debt) भएको हुँदा प्रचलित कानूनले प्रदान गरेको बाहेक कम्पनीको सम्पत्तिमा ऋणपत्रवालाको कुनै निर्दिष्ट हक (Specific Charge) अधिकार हुने छैन ।

नेपाल धितोपत्र बोर्डबाट विवरणपत्रमा स्वीकृत भएको मिति : २०७७/१२/१३
नेपाल राष्ट्र बैंकमा विवरणपत्र दर्ता भएको मिति : २०७७/१२/१८
कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति : २०७७/१२/२६
धितोपत्र निष्काशन खुल्ला हुने मिति : २०७८/०१/२२
निष्काशन बन्द हुने मिति (छिटोमा) : २०७८/०१/२६ निष्काशन बन्द हुने मिति (अन्तिम): २०७८/०२/०५

नेपाल धितोपत्र बोर्डबाट स्वीकृत विवरणपत्र निष्काशन तथा बिक्री प्रबन्धक, निष्काशनकर्ता कम्पनीको साथै नेपाल धितोपत्र बोर्डको website : www.sebon.gov.np बाट समेत हेर्न सकिने छ ।

NABIL INVESTMENT BANKING LTD.
(A Subsidiary of Nabil Bank Ltd.)

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक :**

**नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड**

नक्साल, काठमाडौं, नेपाल: फोन नं.४४११६०४ फ्याक्स नं. ९७७ -१-४४१०५५४

Email : info@nabilinvest.com.np, URL: www.nabilinvest.com.np

**विवरण पत्रको मुखपृष्ठको भित्री भागमा उल्लेख हुनुपर्ने कुराहरु :**

**१. विवरण-पत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :**

क) "विवरणपत्र" भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित विवरणहरु भएको पुस्तिकालाई सम्झनु पर्दछ ।

ख) "धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक" भन्नाले नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेडलाई सम्झनु पर्दछ ।

ग) "कम्पनी" भन्नाले निष्काशनकर्ता कम्पनी नेपाल बैंक लिमिटेडलाई सम्झनु पर्दछ ।

घ) "संकलन केन्द्र" भन्नाले सार्वजनिक निष्काशनको लागि तयार गरिएको विवरणपत्र र दरखास्त फारम प्राप्त गर्न सकिने तथा दरखास्त फारम साथ रकम बुझाउन सकिने गरी तोकिएका संस्थाहरुलाई सम्झनु पर्दछ ।

ङ) "निष्काशन बैंक" भन्नाले सार्वजनिक निष्काशनबाट संकलन हुन आएको रकमलाई जम्मा गर्नको लागि तोकिएको वाणिज्य बैंक तथा राष्ट्रिय स्तरको विकास बैंकलाई सम्झनु पर्दछ ।

च) "नियमन निकाय" भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय तथा नेपाल राष्ट्र बैंकलाई सम्झनु पर्दछ ।

छ) "संस्थापक, सञ्चालक, प्रमुख कार्यकारी अधिकृत तथा व्यवस्थापन" भन्नाले नेपाल बैंक लिमिटेडको संस्थापक, सञ्चालक, कार्यकारी प्रमुख तथा व्यवस्थापनलाई सम्झनु पर्दछ ।

ज) "बोर्ड" भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३ बमोजिम स्थापना भएको नेपाल धितोपत्र बोर्ड सम्झनु पर्दछ ।

झ) "आधारभूत शेयरधनी" भन्नाले कम्पनीको चुक्ता पूँजीको १ प्रतिशत वा सो भन्दा बढि शेयर धारण गरेका शेयरधनी भन्ने सम्झनुपर्दछ ।

**२. विवरणपत्र तथा दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान :**

| सि.नं. | विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना |
|---|---|
| १. | नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाडौं र वेवसाइट :www.nabilinvest.com.np |
| २. | नेपाल बैंक लिमिटेड, काठमाडौं र वेवसाइट :www.nepalbank.com.np |

**दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान**

**सर्वसाधारणको हकमा :**

| सि.नं. | दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान |
|---|---|
| १. | सि-आस्बा (C-ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु । |

**व्यक्तिगत तवर (Private Placement) को हकमा :**

**ऋणपत्र खरिदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै ऋणपत्र खरिदको लागि तयार गरिएको विवरणपत्र प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :**

यस निष्काशन व्यक्तिगत तवरबाट पनि गरिने भएकोले बैंकका बिक्री प्रबन्धकले बैंकसँगको सहमतिमा खरिदकर्ताहरु खोजी गरी आपसि सहमतिमा वितरण गरिने छ ।

## १ धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/सञ्चालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा ऐन र धितोपत्र दर्ता तथा निष्काशन नियमावली अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

## २ संगठित संस्थाको उदघोषण :

### क सञ्चालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषण :

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीका साथै निष्काशन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुको सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सोसँग सम्बन्धित अन्य विवरण तथा जानकारीको शुद्धता तथा सत्यताप्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी सञ्चालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता वहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी यो उद्घोषण गर्दछौं कि तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छु/छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौ ।

### ख संगठित संस्थाको जवाफदेहिता सम्बन्धी उद्घोषण :

यस कम्पनीले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरण बाहेक कम्पनीबारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहिता कम्पनीमा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले वहन गर्नुपर्नेछ ।

### ग नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी उद्घोषण :

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तै कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक आदि) को सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै, सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सो मा उल्लिखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड तथा नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा पेश गरेका छौं ।

कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन २०६३ बमोजिम पेश गर्नुपर्ने आ.व. ०७५/०७६ सम्मका विवरणहरु पेश गरेको हुनाले सो आर्थिक बर्षसम्म कम्पनी अद्यावधिक रहेको छ ।

### घ संस्थापक, सञ्चालक तथा कार्यकारी प्रमुख सम्बन्धी उदघोषण :

(क) यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालोसूचीमा रहनु भएको छैन ।
(ख) यस कम्पनीका सञ्चालक वा कार्यकारी प्रमुख कालोसूचीमा रहेको अन्य संगठित संस्थामा सञ्चालक वा कार्यकारी प्रमुख रहनु भएको छैन ।
(ग) सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी वेपत्ता भएका वा सञ्चालनमा नरहेका वा लगानीकर्ताहरुको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख रहनु भएको छैन ।
(घ) धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको दश वर्ष पूरा नभएको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख रहनु भएको छैन ।
(ङ) यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम सञ्चालक वा कार्यकारी अयोग्य रहनु भएको छैन ।

**३ संगठित संस्था सम्बन्धी जानकारी :**

**क. संगठित संस्थाको पृष्ठभूमि :**

**(अ) संस्थाको नाम :** नेपाल बैंक लिमिटेड (Nepal Bank Limited)

**(आ) संस्था कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :** कम्पनी ऐन, २०६३ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत स्थापित ।

**(इ) संस्थाको रजिष्टर्ड ठेगाना :** बागमती प्रदेश, काठमाण्डौं जिल्ला, का.म.पा. वडा नं. २२, धर्मपथ, काठमाण्डौं ।

**(ई) कारोवार गर्ने मुख्य स्थान :** हाल यस बैंकको कारोवार गर्ने मुख्य स्थान काठमाण्डौं जिल्ला, का.म.पा वडा नं. २२, धर्मपथमा रहेको छ । यस बैंकको ७ वटै प्रदेशमा प्रादेशिक कार्यालयहरुका अतिरिक्त देशभर देहाय बमोजिम विभिन्न स्थानहरुमा गरी जम्मा २०४ शाखा कार्यालयहरु र ४१ एक्स्टेन्सन काउण्टरहरु रहेका छन् । नेपाल राष्ट्र बैंकको स्वीकृति लिई बैंकले आवश्यकता अनुसार शाखा तथा अन्य कार्यालयहरु स्थापना गरी आफ्नो कारोबार सञ्चालन गर्न सक्नेछ ।

प्रदेश नं. १

| **प्रादेशिक कार्यालय :** विराटनगर, मोरङ्ग | | |
|---|---|---|
| **सि.नं.** | **शाखा कार्यालय** | **ठेगाना** |
| १ | भद्रपुर | भद्रपुर न.पा.३, झापा |
| २ | मिल्सएरिया | विराटनगर म.न.पा.२०, मोरङ्ग |
| ३ | सिटी अफिस धरान | धरान उ.म.न.पा.४, सुनसरी |
| ४ | रंगेली | रंगेली न.पा.१, मोरङ्ग |
| ५ | सिटी अफिस विराटनगर | विराटनगर म.न.पा.८, मोरङ्ग |
| ६ | ईलाम | ईलाम न.पा.२, ईलाम |
| ७ | तेह्रथुम | म्याङ्लुङ्ग न.पा.२, तेह्रथुम |
| ८ | धुलाबारी | मेचीनगर न.पा.१०, झापा |
| ९ | इटहरी | इटहरी उ.म.न.पा.१, सुनसरी |
| १० | ताप्लेजुङ्ग | फुङलिङ्ग गा.पा.४, ताप्लेजुङ्ग |
| ११ | फदिम | फिदिम न.पा.१, पाँचथर |
| १२ | गौरीगञ्ज | गौरीगञ्ज गा.पा.६, झापा |
| १३ | दुहवी | दुहवी न.पा.५, सुनसरी |
| १४ | गौरादह | गौरादह न.पा.३, झापा |
| १५ | विर्तामोड | विर्तामोड न.पा.३, झापा |
| १६ | उर्लाबारी | उर्लाबारी न.पा.७, मोरङ्ग |
| १७ | बजारअड्डा | विराटनगर म.न.पा.९, मोरङ्ग |
| १८ | काँकडभिट्टा | मेची न.पा.१०, झापा |
| १९ | बुधबारे | बुद्धशान्ति गा.पा.६, झापा |
| २० | चकघट्टी | बराह न.पा.६, सुनसरी |
| २१ | झुम्का | रामधुनि न.पा.५, सुनसरी |
| २२ | सुरुङ्गा | कन्काई न.पा.३ , झापा |
| २३ | मंगलबारे | देउमाई न.पा.४, ईलाम |
| २४ | गाईघाट | त्रियुगा न.पा.११, उदयपुर |
| २५ | भोजपुर | भोजपुर न.पा.९, भोजपुर |
| २६ | दमक | दमक न.पा.११, झापा |
| २७ | खाँदबारी | खाँदबारी न.पा.१, संखुवासभा |
| २८ | पाखिबास | पाखिबास न.पा.४, धनकुटा |
| २९ | विराटचोक | सुन्दर हरैंचा न.पा.९, मोरङ्ग |
| ३० | सिरिजङ्गा | सिरिजङ्गा गा.पा.४, ताप्लेजुङ्ग |
| ३१ | आठराई | आठराई गा.पा.१, तेह्रथुम |
| ३२ | दिक्तेल | रुपाकोट मझुवागढी न.पा.१, खोटाङ्ग |
| ३३ | ओखलढुङ्गा | सिद्धिचरण न.पा.१२, ओखलढुङ्गा |
| ३४ | सल्लेरी | सोलु दुधकुण्ड न.पा.५, सोलुखुम्बु |
| ३५ | रवि | मिक्लाजुङ्ग गा.पा.४, पाँचथर |
| ३६ | धनकुटा | धनकुटा न.पा.७, धनकुटा |
| ३७ | बसन्तपुर | लालिगुराँस न.पा.२, तेह्रथुम |

## प्रदेश नं. २

| प्रादेशिक कार्यालय : विरगञ्ज, पर्सा | | |
|---|---|---|
| **सि.नं.** | **शाखा कार्यालय** | **ठेगाना** |
| १ | गौर | गौर न.पा.१, रौतहट |
| २ | सिटी अफिस जनकपुर | जनकपुर उ.म.न.पा.१, धनुषा |
| ३ | राजविराज | राजविराज न.पा.३, सप्तरी |
| ४ | कलैया | कलैया उ.म.न.पा.४, बारा |
| ५ | मलंगवा | मलंगवा न.पा.८, सर्लाही |
| ६ | लहान | लहान न.पा.८, सिराहा |
| ७ | माईस्थान | वीरगञ्ज उ.म.न.पा.२, पर्सा |
| ८ | ज.चु.का. कम्पाउण्ड | जनकपुर उ.म.न.पा.६, धनुषा |
| ९ | सिटी अफिस विरगञ्ज | वीरगञ्ज उ.म.न.पा.३, पर्सा |
| १० | श्रीपुर | वीरगञ्ज उ.म.न.पा.१६, पर्सा |
| ११ | मटिहानी | मटिहानी न.पा.८, महोत्तरी |
| १२ | कन्चनपुर | कन्चनरुप न.पा.८, सप्तरी |
| १३ | चन्द्रनिगाहापुर | चन्द्रपुर न.पा.४, रौतहट |
| १४ | गौशाला | गौशाला न.पा.१, महोत्तरी |
| १५ | जितपुर | सिमरा उ.म.न.पा.७, बारा |
| १६ | गोदार | गणेशमान चारनाथ न.पा.७, धनुषा |
| १७ | बयलबास | ईश्वरपुर न.पा.२, सर्लाही |
| १८ | कटहरिया | कटहरिया न.पा.८, रौतहट |
| १९ | फत्तेपुर | सप्तकोशी न.पा.१, सप्तरी |
| २० | आर्दशनगर | वीरगञ्ज उ.म.न.पा.१३, पर्सा |
| २१ | गोलबजार | गोलबजार न.पा.६, सिराहा |
| २२ | हरिवन | हरिवन न.पा.९, सर्लाही |
| २३ | बरहथवा | बरहथवा न.पा.५,सर्लाही |
| २४ | सिराहा | सिराहा न.पा.१, सिराहा |
| २५ | महुवन | सखुवा पर्सौनी गा.पा.५, पर्सा |
| २६ | हरिपुर | हरिपुर न.पा.२, सर्लाही |
| २७ | समनपुर | गढीमाई न.पा.४, रौतहट |
| २८ | कल्याणपुर | खड्ग न.पा.७, सप्तरी |
| २९ | बर्दिबास | बर्दिबास न.पा.१४, महोत्तरी |
| ३० | राजदेवी | राजदेवी न.पा.४, पर्सा |
| ३१ | सर्लाही पर्सा | पर्सा गा.पा.५, सर्लाही |
| ३२ | भवानीपुर | बसवरिया गा.पा.३, सर्लाही |
| ३३ | सबैला | सबैला न.पा.३, धनुषा |
| ३४ | निजगढ | निजगढ न.पा.९, बारा |

## बागमती प्रदेश

| प्रादेशिक कार्यालय : काठमाडौं | | |
|---|---|---|
| **सि.नं.** | **शाखा कार्यालय** | **ठेगाना** |
| १ | काठमाडौं बैंकिङ्ग अफिस | काठमाडौं म.न.पा.२२, काठमाडौं |
| २ | बनेपा | बनेपा न.पा.१०, काभ्रे |
| ३ | ललितपुर | ललितपुर म.न.पा.१६, ललितपुर |
| ४ | भक्तपुर | भक्तपुर न.पा.१०, भक्तपुर |
| ५ | भेडासिं | काठमाडौं म.न.पा.२५, काठमाडौं |
| ६ | नारायणगढ | भरतपुर म.न.पा.३, चितवन |
| ७ | सिटी अफिस हेटौंडा | हेटौंडा उ.म.न.पा.१०, मकवानपुर |
| ८ | त्रिशुली | विदुर न.पा.२, नुवाकोट |
| ९ | डिल्लीबजार | काठमाडौं म.न.पा.३३, काठमाडौं |
| १० | पाटन औद्योगिक क्षेत्र | ललितपुर म.न.पा.१५, ललितपुर |

| | | |
|---|---|---|
| ११ | बालाजु | काठमाडौं म.न.पा.१६, काठमाडौं |
| १२ | कालिमाटी | काठमाडौं म.न.पा.१३, काठमाडौं |
| १३ | किर्तिपुर | किर्तिपुर न.पा.१०, काठमाडौं |
| १४ | साँखु | शंखरापुर न.पा.७, काठमाडौं |
| १५ | रत्ननगर | रत्ननगर न.पा.२, चितवन |
| १६ | लाजिम्पाट | काठमाडौं म.न.पा.२, काठमाडौं |
| १७ | हेटौंडा औद्योगिक क्षेत्र | हेटौंडा उ.म.न.पा.८, मकवानपुर |
| १८ | चौतारा | चौतारा साँगाचोकगढी न.पा.७, सिन्धुपाल्चोक |
| १९ | चावहिल | काठमाडौं म.न.पा.७, काठमाडौं |
| २० | क्षेत्रपाटी | काठमाडौं म.न.पा.१७, काठमाडौं |
| २१ | चापागाउँ | गोदावरी न.पा.११, ललितपुर |
| २२ | रामपुर | भरतपुर म.न.पा.१७, चितवन |
| २३ | पनौती | पनौती न.पा.६, काभ्रे |
| २४ | जोरपाटी | गोकर्णेश्वर न.पा.७, काठमाडौं |
| २५ | पालुङ्ग | थाहा न.पा.४, मकवानपुर |
| २६ | गितानगर | भरतपुर म.न.पा.६, चितवन |
| २७ | धुन्चे | गोसाइकुण्ड गा.पा.६, रसुवा |
| २८ | पाँचखाल | पाँचखाल न.पा.३, काभ्रे |
| २९ | चरिकोट | भिमेश्वर न.पा. ३, दोलखा |
| ३० | भण्डारा | राप्ती न.पा.५, चितवन |
| ३१ | कुपण्डोल | ललितपुर म.न.पा.१०, ललितपुर |
| ३२ | थानकोट | चन्द्रागिरी न.पा.३, काठमाडौं |
| ३३ | मेलम्ची | मेलम्ची न.पा.११, सिन्धुपाल्चोक |
| ३४ | थैव | गोदाबरी न.पा.१४, ललितपुर |
| ३५ | जावलाखेल | ललितपुर म.न.पा.४, ललितपुर |
| ३६ | पर्साबजार | खैरहनी न.पा.८, चितवन |
| ३७ | सैनिक | काठमाडौं म.न.पा.२२, काठमाडौं |
| ३८ | कान्तिपथ | काठमाडौं म.न.पा.३०, काठमाडौं |
| ३९ | खिम्ती | लिखु तामाकोशी गा.पा.६, रामेछाप |
| ४० | ठिमी | मध्यपुर थिमी न.पा.४, भक्तपुर |
| ४१ | महाराजगञ्ज | काठमाडौं म.न.पा.४, काठमाडौं |
| ४२ | कोटेश्वर | काठमाडौं म.न.पा.३२, काठमाडौं |
| ४३ | दुधौली | दुधौली न.पा.९, सिन्धुली |
| ४४ | धादिङ्ग बेंसी | निलकण्ठ न.पा.३, धादिङ्ग |
| ४५ | बानेश्वर | काठमाडौं म.न.पा.१०, काठमाडौं |
| ४६ | सानो पोखरा | हेटौंडा उ.म.न.पा.५, मकवानपुर |
| ४७ | सिंगटी | कालिञ्चोक गा.पा.३, दोलखा |
| ४८ | खोपासी | पनौती न.पा.१०, काभ्रे |
| ४९ | भाटभटेनी | काठमाडौं म.न.पा.५, काठमाडौं |
| ५० | झम्सीखेल | ललितपुर म.न.पा.३, ललितपुर |
| ५१ | इमाडोल | महालक्ष्मी न.पा.४, ललितपुर |
| ५२ | सूर्यविनायक | सूर्यविनायक न.पा.५, भक्तपुर |
| ५३ | हात्तीगौंडा | बुढानिलकण्ठ न.पा.८, काठमाडौं |
| ५४ | नयाँबजार | काठमाडौं म.न.पा.१६, काठमाडौं |
| ५५ | भैंसेपाटी | ललितपुर म.न.पा.२५, ललितपुर |
| ५६ | क्पन | बुढानिलकण्ठ न.पा.१०, काठमाडौं |

## गण्डकी प्रदेश

| **प्रादेशिक कार्यालय :** पोखरा, कास्की | | |
|---|---|---|
| **सि.नं.** | **शाखा कार्यालय** | **ठेगाना** |
| १ | सिटी अफिस पोखरा | पोखरा म.न.पा.३, कास्की |
| २ | बाग्लुङ्ग | बाग्लुङ्ग न.पा.२, बाग्लुङ्ग |
| ३ | दमौली | व्यास न.पा.२, तनहुँ |

| | | |
|---|---|---|
| ४ | म्याग्दी बेनी | बेनी न.पा.७, म्याग्दी |
| ५ | कुश्मा | कुश्मा न.पा.६, पर्वत |
| ६ | जोमसोम | घरपोखोङ गा.पा.४, मुस्ताङ्ग |
| ७ | स्याङ्गजा | पुतलीबजार न.पा.१, स्याङ्गजा |
| ८ | खैरेनीटार | शुक्लागण्डकी न.पा.७, तनहुँ |
| ९ | वलिङ्ग | वालिङ्ग न.पा.८, स्याङ्गजा |
| १० | बगर | पोखरा म.न.पा.१, कास्की |
| ११ | डुम्रे | बन्दीपुर गा.पा.१, तनहुँ |
| १२ | बुर्तिवाङ्ग | ढोरपाटन न.पा.१, बाग्लुङ्ग |
| १३ | गल्कोट | गल्कोट न.पा.५, बाग्लुङ्ग |
| १४ | चामे मनाङ्ग | चामे गा.पा.४, मनाङ्ग |
| १५ | आरुङ्गखोला | मध्यविन्दु न.पा.१०, नवलपुर |
| १६ | सुन्दरबजार | सुन्दरबजार न.पा.९, लमजुङ्ग |
| १७ | सुन्तलेटार | चापाकोट न.पा.९, स्याङ्गजा |
| १८ | पृथ्वीचोक | पोखरा म.न.पा.९, कास्की |
| १९ | बेंसीशहर | बेंसीशहर न.पा.१, लमजुङ्ग |
| २० | तालचोक | पोखरा म.न.पा.२७, कास्की |
| २१ | हेम्जा | पोखरा म.न.पा.२५, कास्की |
| २२ | विरौटा | पोखरा म.न.पा.१७, कास्की |
| २३ | कावासोती | कावासोती न.पा.८, नवलपुर |
| २४ | नार्फु | नार्पाभूमि गा.पा.३, मनाङ |
| २५ | जौवारी | सिरान्चोक गा.पा.८, गोरखा |

## लुम्बिनी प्रदेश

| **प्रादेशिक कार्यालय :** बुटवल, रुपन्देही | | |
|---|---|---|
| **सि.नं.** | **शाखा कार्यालय** | **ठेगाना** |
| १ | सिटी अफिस नेपालगञ्ज | नेपालगञ्ज उ.म.न.पा.१३, बाँके |
| २ | सिद्धार्थनगर | सिद्धार्थनगर न.पा.८, रुपन्देही |
| ३ | कृष्णनगर | कृष्णनगर न.पा.२, कपिलवस्तु |
| ४ | पाल्पा | तानसेन न.पा.४, पाल्पा |
| ५ | द्याङ्ग | घोराही उ.म.न.पा.१४, दाङ्ग |
| ६ | राजापुर | राजापुर न.पा.१, बर्दिया |
| ७ | प्युठान | मल्लरानी गा.पा.४, प्युठान |
| ८ | सिटी अफिस खस्यौली | बुटवल उ.म.न.पा.४, रुपन्देही |
| ९ | रोल्पा | रोल्पा न.पा.२, रोल्पा |
| १० | धम्बोजी | नेपालगञ्ज उ.म.न.पा.१, बाँके |
| ११ | मणिग्राम | तिलोत्तमा न.पा.५, रुपन्देही |
| १२ | सानोश्री | मधुवन न.पा.६, बर्दिया |
| १३ | घर्तिगाउँ | माडी गा.पा.२, रोल्पा |
| १४ | मुर्गिया | सैनामैना न.पा.३, रुपन्देही |
| १५ | कोहलपुर | कोहलपुर न.पा.११, बाँके |
| १६ | रुकुमकोट | सिस्ने गा.पा.६, रुकुम पूर्व |
| १७ | ठुटे पिपल | ओम सतिया गा.पा.१, रुपन्देही |
| १८ | चन्द्रौटा | शिवराज न.पा.५, कपिलवस्तु |
| १९ | शान्तिपुर | चन्द्रकोट गा.पा.४, गुल्मी |
| २० | गुलरिया | गुलरिया न.पा.५, बर्दिया |
| २१ | पाल्हिनन्दन | पाल्हिनन्दन गा.पा.३, परासी |
| २२ | तुल्सीपुर | तुल्सीपुर उ.म.न.पा.६, दाङ्ग |
| २३ | छहरा | रैनादेवी छहरा गा.पा.४, पाल्पा |
| २४ | लुङग्री | लुङग्री गा.पा.५, रोल्पा |
| २५ | ठाकुरद्वारा | ठाकुरबाबा न.पा.९, बर्दिया |
| २६ | सन्धिखर्क | सन्धिखर्क न.पा.१ , अर्घाखाँची |

| | | |
|---|---|---|
| २७ | बिजुवार | प्युठान न.पा.४, प्युठान |
| २८ | सिसहनिया | राप्ती गा.पा.५, दाङ्ग |
| २९ | भिङ्ग्री | स्वर्गद्वारी न.पा.४, प्युठान |
| ३० | वामीटक्सार | मुसिकोट न.पा.७, गुल्मी |
| ३१ | वाणगंगा | वाणगंगा न.पा.४, कपिलवस्तु |
| ३२ | लमही | लमही न.पा.९, दाङ |
| ३३ | तम्घास | रेसुङ्गा न.पा.८, गुल्मी |

कर्णाली प्रदेश

| **प्रादेशिक कार्यालय :** वीरेन्द्रनगर, सुर्खेत | | |
|---|---|---|
| **सि.नं.** | **शाखा कार्यालय** | **ठेगाना** |
| १ | सल्यान | शारदा न.पा.२, सल्यान |
| २ | जाजरकोट | भेरी न.पा.४,जाजरकोट |
| ३ | रुकुम | मुसिकोट न.पा.१, रुकुम |
| ४ | डोल्पा | ठुली भेरी न.पा.३, डोल्पा |
| ५ | वीरेन्द्रनगर | वीरेन्द्रनगर न.पा.६, सुर्खेत |
| ६ | बागचौर | बागचौर न.पा.२, सल्यान |
| ७ | जगदुल्ला | जगदुल्ला गा.पा.२, डोल्पा |
| ८ | काइके | काइके गा.पा.२, डोल्पा |
| ९ | चौरजहारी | चौरजहारी न.पा.१, रुकुम |
| १० | जुम्ला | चन्दननाथ न.पा.५, जुम्ला |

सुदुरपश्चिम प्रदेश

| **प्रादेशिक कार्यालय :** धनगढी, कैलाली | | |
|---|---|---|
| **सि.नं.** | **शाखा कार्यालय** | **ठेगाना** |
| १ | टिकापुर | टिकापुर न.पा.१, कैलाली |
| २ | धनगढी | धनगढी उ.म.न.पा.१, कैलाली |
| ३ | महेन्द्रनगर | भीमदत्त न.पा.४, कञ्चनपुर |
| ४ | विलासपुर | शुक्लाफाँट न.पा.१०,कञ्चनपुर |
| ५ | डडेल्धुरा | अमरगढी न.पा.२, डडेल्धुरा |
| ६ | जोगबुढा | पर्शुराम न.पा.२, डडेल्धुरा |
| ७ | त्रिवेणी | त्रिवेणी न.पा.४, बाजुरा |
| ८ | अत्तरिया | गोदावरी न.पा.२, कैलाली |
| ९ | लम्की | लम्की चुहा न.पा.१, कैलाली |

**(उ) संगठित संस्थाको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु**

**(१) संगठित संस्थाको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास :**

नेपाल बैंक कानून, १९९४ अन्तर्गत बि.सं. १९९४ साल कार्तिक ३० गते स्थापना भएको यस बैंकले देशमा औपचारिक रुपमा बैंकिङ्ग प्रथाको सुरुवात गरेको हो । देशको कानूनी व्यवस्थाहरुमा परिवर्तन भएबमोजिम यस बैंक कम्पनी अध्यादेश २०६२ अनुसार कम्पनी रजिष्ट्रार कार्यालयमा मिति २०६३ साल बैशाख ५ गते दर्ता भई मिति २०६३ साल बैशाख १७ गते नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न इजाजत प्राप्त गरी वित्तीय कारोबार संचालन गर्दै आएको छ । विकट ग्रामीण क्षेत्रदेखि शहरी क्षेत्रमा छरिएर रहेको सानो सानो बचतलाई निक्षेपको रुपमा संकलन गरी औद्योगिक, व्यावसायिक तथा कृषि क्षेत्रको विकासको लागि कर्जा प्रवाह गर्ने, सरकारी कारोवार तथा पेन्सन भुक्तानी मार्फत ग्रामिण क्षेत्रमा सहज बैंकिङ्ग सुविधा प्रदान गर्ने तथा देशभर वाणिज्य बैंकिङ्ग सेवा प्रदान गरी समग्र रुपमा देशको आर्थिक विकासमा महत्वपूर्ण भूमिका खेल्दै आएको छ ।

यस बैंकले आ.व. २०७२/७३ मा ०.२४४०३:१ हकप्रद शेयर र आ.व. २०७४/७५ मा १,७६,८४,८५,८००।०० बराबर रकमको शेयर थप सार्वजनिक निष्काशन (Further Public Offering) गर्ने निर्णय गरेको थियो भने आर्थिक वर्ष २०७५/७६ मा १५% बोनस शेयर र १०% नगद लाभांश वितरण गरेको थियो । त्यस्तै २०७७/०९/२९ मा भएको बैंकको ६१औं साधारण सभाले आ.व. २०७६/७७ को मुनाफाबाट १२% बोनस शेयर र ४% नगद लाभांश वितरण गर्ने निर्णय गरेबमोजिम हाल नगद लाभांश वितरण गरिसकेको छ भने बोनस शेयर सूचीकरणको प्रकृयामा रहेको छ ।

**वित्तीय परिसूचक**

| क्र.सं. | विवरण | २०७४/७५ | २०७५/७६ | २०७६/७७ |
|---|---|---|---|---|
| १ | प्रति शेयर आम्दानी रु. | ३९.९८ | २६.९९ | २०.६८ |
| २ | प्रति शेयर नेटवर्थ रु. | २८५.०० | २९८.४५ | २६६.१७ |
| ३ | Return on Equity % | १४.०० | ८.८७ | ७.७७ |
| ४ | Return on Assets % | २.४१ | १.५१ | १.२२ |
| ५ | अनिवार्य मौज्दात अनुपात (CRR) % | ९.०५ | ४.०६ | ४.३० |
| ६ | बैधानिक तरलता अनुपात (SLR) % | २३.८८ | २१.६७ | ३०.१८ |

**(२) कम्पनीको उद्देश्य :**

नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी कानून तथा अन्य प्रचलित कानूनको अधीनमा रही बैंकिङ्ग/वित्तीय कारोबार गर्ने यस बैंकको मुख्य उद्देश्यहरू देहाय बमोजिम हुनेछ :-

(क) बैंकको निक्षेपकर्ताको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै स्वस्थ्य प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो बैंकिङ्ग/वित्तीय मध्यस्थता सेवा उपलब्ध गराउने,

(ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यावसायिक रूपले सम्भाव्य देखिएका उत्पादनशील व्यावसायको स्थापना, विकास, विस्तार र क्षमता एवं उत्पादकत्व बृद्धिका लागि आवश्यक बैंकिङ्ग/वित्तीय साधन आन्तरिक तथा बाह्य श्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशीलता ल्याउन सहयोग पुऱ्याउने,

(ग) उपलब्ध श्रम, सीप तथा पूँजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवं रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवं प्रबर्द्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रूपमा संलग्न भई सहयोग पुऱ्याउने,

(घ) बैंकिङ्ग/वित्तीय सेवामा जोखिम कम गर्दै बैंकिङ्ग/वित्तीय क्षेत्रको उदारीकरणमा मद्दत पुऱ्याई देशको अर्थतन्त्रलाई सबल तथा सुदृढ बनाउन सहयोग पुऱ्याउने, र

(ङ) देशको समग्र वित्तीय प्रणालीप्रति सर्वसाधारणको विश्वसनियता अभिवृद्धि गर्न सहयोग पुऱ्याउने ।

**(ऊ) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) :** सो नभएको ।

**(ए) अन्य विवरणहरुः**

(१) संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु :
संगठित संस्थाले प्रदान गर्ने मुख्य सेवाहरुमा निक्षेप संकलन, कर्जा प्रवाह र विप्रेषण भुक्तानी रहेका छन् ।

(२) प्रयोग भएको वा गरिने प्रविधि :
कम्पनी सेवा प्रदायक कम्पनी भएकोले माथि खण्ड १ मा उल्लिखित सेवा प्रदान गर्नको निमित्त आवश्यक प्रविधिहरु प्रयोग गरिएको छ ।

(३) कुनै ब्रान्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार :
सो नभएको ।

(४) संगठित संस्थाले ओगटेको बजार क्षेत्र :
नेपाल राज्यभरी कारोवार गर्ने स्वीकृति प्राप्त गरेबमोजिम व्यवसाय सञ्चालन भएको ।

(५) नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना :
बजारको माग अनुरुप समय सापेक्ष नयाँ सेवाको विकास गरी आफ्नो व्यापार विस्तार गर्ने योजना रहेको छ ।

(६) उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका :
बैंकको प्रमुख बजार नेपाल राज्यभरी रहेको र हरेक वर्गका ग्राहकको आवश्यकता अनुरुप सेवाहरु उपलब्ध गराउदै जाने वित्तीय संस्थाको लक्ष्य रहेको छ ।

(७) उत्पादन/संचालन क्षमता र सोको उपभोग स्थिति :

वित्तीय क्षेत्रमा लामो अनुभव हासिल गर्नु भएको सञ्चालक/व्यवस्थापन दक्षताको आधारमा यस कम्पनीले स्थापनाकालदेखि नै बजारको राम्रो हिस्सा ओगट्न र ग्राहकलाई राम्रो सुविधा प्रदान गर्न सफल रहेको छ ।

(८) कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता :
लागु नहुने ।

(९) गुण नियन्त्रणको लागि गरिएको व्यवस्था :
बैंक तथा वित्तीय संस्था, शैक्षिक क्षेत्र, सरकारी सेवा उद्योग एवम् व्यापार क्षेत्रमा लामो अनुभव प्राप्त सञ्चालक/व्यवस्थापन समूह ग्राहकहरुको गुणस्तरीय सेवा, सुविधा तथा सन्तुष्टिको लागि तत्पर रहेका छन् ।

(१०) अनुसन्धान तथा विकास :
नेपालको बैंकिङ्ग तथा वित्तीय क्षेत्रमा प्रतिस्पर्धात्मक स्थिति रहेको आजको पृष्ठभूमिमा संगठित संस्थाले अनुसन्धान तथा विकासलाई उच्च प्राथमिकता दिई सो कार्यका लागि संस्थाका उच्च पदाधिकारीको मातहतमा एउटा छुट्टै "बजारीकरण तथा अनुसन्धान" डिभिजन खडा गरिएको छ । जसले नयाँ सेवाहरुको विकास मात्र नभई हाल प्रदान गरिएका सेवाहरुमा समय सापेक्ष रुपमा आवश्यक परिमार्जन गर्न तथा नयाँ सेवाहरुको उपयुक्तताका सम्बन्धमा व्यवस्थापनलाई सुझाव उपलब्ध गराउनेछ । साथै संगठित संस्थाले आफ्ना ग्राहक वर्गको लागि नयाँ तथा विश्वसनीय प्रविधि मार्फत निक्षेपका नयाँ योजनाहरु ल्याउने र ग्राहकमुखी एवं सरलीकृत कर्जा तथा अन्य सुविधाहरु प्रदान गर्ने सोच राखेको छ ।

(११) विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्ने गरी भएको वाधा, व्यवधान :
सो नभएको ।

(१२) कर्मचारी संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण :
बैंकको कारोवारमा असर पर्ने गरी कुनै विवाद नभएको ।

(१३) बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति :
अत्याधिक प्रतिस्पर्धा रहेको हालको बैंकिङ्ग बजारमा यस बैंकले सफलता पूर्वक आफ्नो पहिचान स्थापित गरी गुणस्तरीय बैंकिङ्ग व्यवसाय सञ्चालन गरिरहेको छ । यस सम्बन्धमा बैंकको हालसम्मको प्रगति विवरण लगायत वर्तमान बजारमा बैंकको अवस्थाको पुष्टि बैंकको वित्तीय विवरणबाट स्पष्ट रुपमा देखिएको छ र हाल २७ वटा वाणिज्य बैंकहरु बिच यस बैकको २०७७ पौष मसान्तको स्थिति देहाय बमोजिम रहेको छ :

| क्र.सं. | विवरण | समग्र बजारमा बैकको हिस्सा |
|---|---|---|
| १ | निक्षेप संकलन | ४.०६% |
| २ | कर्जा तथा सापटी | ३.७२% |
| ३ | खुद मुनाफा | ४.३५% |
| ४ | खुद ब्याज आम्दानी | ४.५९% |
| ५ | सञ्चालन मुनाफा | ४.६१% |

(१४) प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कूल वार्षिक कारोवारमा १०% वा सो भन्दा बढिले योगदान गर्ने वा व्यवसायको लागि संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने तत्सम्बन्धी विवरण) :
सो नभएको ।

(१५) प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै- संस्थाको कूल कारोवारमा १०% वा सो भन्दा बढिले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने तत्सम्बन्धी विवरण) :
सो नभएको ।

**ख. सम्पत्तिको विवरण :**

**(अ) संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान :**

कम्पनीको आषाढ ३१, २०७७ को सम्पत्तिको विवरण तथा सम्पत्ति रहेको स्थान यस प्रकार रहेको छ ।

*रु हजारमा*

| | सम्पत्ति | २०७६/७७ |
|---|---|---|
| १ | नगद तथा नगद समान | ४,९७१,६४२ |
| २ | नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात तथा लिनु पर्ने वक्यौता | ६,१२५,२७७ |
| ३ | बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | ६,११७,४५० |
| ४ | डेरिभेटिभ वित्तीय उपकरण | ६,५९०,४८८ |
| ५ | अन्य व्यापारिक सम्पत्तिहरु | - |

| | | |
|---|---|---|
| ६ | बैंक तथा वित्तीय संस्थालाई दिएको कर्जा तथा सापटी | ३,५२१,१८९ |
| ७ | ग्राहकलाई दिएको कर्जा तथा सापटी | १०३,३०३,७५२ |
| ८ | धितोपत्रमा लगानी | ३२,५९६,०९३ |
| ९ | चालु आयकर सम्पत्ति | १,५८०,९२४ |
| १० | सहायक कम्पनीमा लगानी | - |
| ११ | सम्बद्ध कम्पनीमा लगानी | - |
| १२ | सम्पत्तिमा लगानी | १०३,१०६ |
| १३ | सम्पत्ति तथा उपकरण | १२,००८,०२३ |
| १४ | गुडविल (ख्याती) र अमूर्त सम्पत्ति | ३९,४५१ |
| १५ | स्थगन कर सम्पत्ति | - |
| १६ | अन्य सम्पत्ति | १४,२०५,४२२ |
| | **कुल सम्पत्ति** | **१९१,१६२,८१७** |

*उपरोक्त सम्पत्ति यस बैंकको केन्द्रीय कार्यालय एंव शाखाहरुमा अवस्थित रहेको ।*

**(आ) बूँदा (अ) मा उल्लिखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि (मिति समेत उल्लेख गर्नुपर्ने) :**

माथि उल्लिखित सम्पत्तिहरु बैंकको आफ्नै स्वामित्वमा रहेको र लिजमा कुनै सम्पत्ति नलिएको ।

**(इ) यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण :**

नभएको ।

**(ई) विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको किताबी मूल्य र बजार मूल्य बीच फरक भएमा सो को विवरण :**

NFRS को व्यवस्था अनुरुप यस कम्पनीको इक्विटी लगानी बजार मुल्यमा र अन्य सम्पूर्ण सम्पत्ति वास्तविक खर्चको हिसावमा कायम गरिएको छ । तर विगत ५ वर्षमा गरिएको सम्पत्तिको पुनर्मूल्याङ्कनको विवरण बुँदा ९(छ) मा प्रस्तुत गरिएको छ ।

**(उ) सम्पत्तिको मूल्यांकन गरिएको तरिका सम्बन्धी विवरण :**

परलमोलमा नियमअनुसार गर्नुपर्ने ह्रास कट्टी गरी लेखामान अनुसार बाँकी रहेको वास्तविक सम्पत्तिलाई सम्पत्तिको रुपमा राखिएको छ ।

**ग. भावी योजना तथा रणनीति :**

**(अ) व्यवसाय/सेवाको वृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीति :**

संगठित संस्थाले आफ्नो व्यवसाय/सेवाको वृद्धिका लागि चाल्ने भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीति निम्नानुसार छन् ।

- आगामी दिनहरुमा आफ्ना शाखा विस्तारमा थप जोड दिने ।
- संगठित संस्थाले आफ्नो शाखा विस्तारको हिसावले निक्षेप संकलन तथा कर्जा प्रबनह गर्नेछ ।
- भविष्यमा समेत ग्राहकहरुबाट माग भए बमोजिमका सेवा सुविधाहरु आफ्ना ग्राहक वर्गमा ल्याउन प्रयत्नरत रहेको छ ।
- सेवाग्राहीको संख्यामा वृद्धि गर्दै लगिने छ ।

**(आ) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा संगठित संस्थाको व्यवसायको भविष्य :**

विगत छोटो अवधिमा धेरै संख्यामा बैंक तथा वित्तीय संस्थाहरु स्थापना भई सञ्चालनमा आएको कारण देशको बैंकिङ्ग क्षेत्रमा हाल अत्याधिक प्रतिस्पर्धा रहेको छ । अर्कोतर्फ देशले अपनाएको खुला आर्थिक नीतिले लगानीकर्ताहरुलाई विभिन्न क्षेत्रमा लगानी गर्ने अवसरहरु प्राप्त भएका छन् । वर्तमान बैंकिङ्ग प्रतिस्पर्धा र देशको बदलिंदो आर्थिक, सामाजिक तथा राजनैतिक अवस्थितिबीच सफलताकासाथ अगाडि बढ्न यस बैंकले आफ्ना सेवा तथा कार्यक्रममा भिन्नता, शाखा विस्तार, आधुनिक तथा प्रविधियुक्त बैंकिङ्ग सेवाजस्ता रणनीति अवलम्वन गरेर अगाडि बढिरहेको छ । उल्लिखित रणनीतिको कारण बैंक आफ्ना लगानीमा रहेको जोखिमहरु कम गर्न सक्षम रहेको छ र भविष्यमा वित्तीय क्षेत्रमा एक विशिष्ट स्थान ओगट्ने कुरामा दृढ रहेको छ । त्यस्तै भोलिका दिनमा बैंकले ग्रामीण तथा दुर्गम क्षेत्र र बैंकिङ्ग सेवाबाट वञ्चित व्यक्ति तथा संघ संस्थाहरुलाई बैंकिङ्ग कारोबारको दायरामा ल्याई निक्षेप परिचालन बढाउने, विभिन्न व्यावसायिक, सरकारी तथा गैरसरकारी संघ-संस्था लगायत व्यक्तिगत ग्राहकहरुसँगको सम्बन्ध सुमधुर बनाउनका लागि आधुनिक प्रविधि मार्फत छिटो एवं छरितो ग्राहकमुखी बैंकिङ्ग सेवा एवं सुविधाहरु उपलब्ध गराइने,

बैंकको समग्र जोखिम व्यवस्थापनको आधारभूत पक्षहरुलाई मजबुत बनाई सम्भावित चुनौतिको समाधान गर्ने र बैंकको आन्तरिक कार्य प्रणालीमा खर्च मितव्ययिताका आधारहरु खोज्ने रणनीति अवलम्बन गर्नेछ ।

इक्रा नेपालको "ICRANP-IR] A[1]" ग्रेडिङ्ग प्राप्त यस बैंकले निष्काशन गर्न लागेको ऋणपत्रको व्याजदर ८.५ प्रतिशत रहेको र अवधि १० वर्ष रहेकोले लगानीकर्ताहरुको लागि जोखिमरहित दीर्घकालीन उच्चतम प्रतिफल प्राप्त हुने हुनाले बैंकले जारी गर्ने लागेको ऋणपत्रले लगानीकर्ताहरुलाई आर्कषण गर्न सक्नेछ । साथै प्रकाशित पछिल्लो वित्तीय विवरण अनुसार २०७७ पौष मसान्तमा समग्र बजारमा यस बैंकको करिब चार प्रतिशत हिस्सा रहेको र आफ्नो बजार हिस्सा बढाउन आवश्यक रणनीति सहित अगाडी बढ्न बैंक तत्पर रहेको छ ।

**घ. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :**

१. बैंकको सञ्चालकहरुको नियुक्ति र निर्वाचन प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानुन तथा बैंकको प्रबन्धपत्र तथा नियमावलीको अधिनमा रही वार्षिक साधारण सभाबाट हुनेछ । तर स्वतन्त्र सञ्चालकको नियुक्ति सञ्चालक समितिले गर्नेछ ।
२. यस बैंकमा ७ जनाको सञ्चालक समिति हुनेछ । सो समितिमा समूहगत प्रतिनिधित्व देहाय बमोजिम हुनेछ ।

| | |
|---|---|
| नेपाल सरकार (समूह "क") बाट मनोनित | ३ (तिन) जना |
| सर्वसाधारण समूह (समूह "ख") का शेयरधनीहरुबाट निर्वाचित | ३ (तिन) जना |
| स्वतन्त्र सञ्चालक | १ (एक) जना |
| **जम्मा** | **७ (सात) जना** |

सञ्चालकहरुको कार्यकाल ४ वर्षको रहेको छ ।
सर्वसाधारण समूह (समूह "ख") का शेयरधनीहरुबाट यस बैंकको सञ्चालकको पदमा नियुक्ति हुनको लागि आफ्नो नाममा कम्तीमा १०० थान शेयर लिएको हुनु पर्नेछ ।

**४. पूँजी संरचना सम्बन्धी जानकारी :**

**(क) अधिकृत, जारी तथा चुक्ता पूँजी र संस्थाको स्थापना पश्चात सोमा परिवर्तन भएको भए तत् सम्बन्धी विवरण :**

- **अधिकृत पूँजी :** बैंकको अधिकृत पूँजी रु. १५,००,००,००,०००/– (अक्षेरुपी पन्ध्र अर्ब रुपैंयाँ मात्र) रहेको छ । उक्त पूँजीलाई रु. १००/– का दरले १५,००,००,०००/– (अक्षेरुपी पन्ध्र करोड) थान शेयरमा विभाजन गरिएको छ ।

- **जारी पूँजी** : बैंकको जारी पूँजी रु. ११,२८,२८,२०,२००/- (एघार अर्ब अठ्ठाईस करोड अठ्ठाईस लाख बिस हजार दुई सय मात्र) रहेको छ जसलाई रु.१००/– का दरले ११,२८,२८,२०२ (एघार करोड अठ्ठाईस लाख अठ्ठाईस हजार दुई सय दुई) थान शेयरमा विभाजन गरिएको छ ।

- **चुक्ता पूँजी** : बैंकको चुक्ता पूँजी रु. ११,२८,२८,२०,२००/- (एघार अर्ब अठ्ठाईस करोड अठ्ठाईस लाख बिस हजार दुई सय मात्र) रहेको छ जसलाई रु.१००/– का दरले ११,२८,२८,२०२ (एघार करोड अठ्ठाईस लाख अठ्ठाईस हजार दुई सय दुई) थान शेयरमा विभाजन गरिएको छ ।

- **बैंकको स्थापना पश्चात पूँजीमा भएको परिवर्तन सम्बन्धी विवरण**

यस बैंकको पूँजी विवरण देहाय बमोजिम रहेको छ ।

| आर्थिक वर्ष | अधिकृत पूँजी | जारी पूँजी | चुक्ता पूँजी | Calls in Advance | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| २०७६/७७ | १५,०००,०००,००० | ११,२८,२८,२०,२०० | ११,२८,२८,२०,२०० | – | ११,२८,२८,२०,२०० | १५% बोनस शेयर |
| २०७५/७६ | १०,०००,०००,००० | ९,८११,१४८,००० | ९,८११,१४८,००० | – | ९,८११,१४८,००० | फर्दर पव्लिक ईस्यु |
| २०७४/७५ | १०,०००,०००,००० | ८,०४२,६६२,२०० | ८,०४२,६६२,२०० | – | ८,०४२,६६२,२०० | |
| २०७३/७४ | १०,०००,०००,००० | ८,०४२,६६२,२०० | ८,०४२,६६२,२०० | – | ८,०४२,६६२,२०० | हकप्रद शेयर ०.२४४०३:१ |
| २०७२/७३ | १०,०००,०००,००० | ६,४९९,४७८,२०० | ६,४६५,००१,८०० | – | ६,४६५,००१,८०० | |
| २०७१/७२ | १०,०००,०००,००० | ६,४९९,४७८,२०० | ६,४६५,००१,८०० | – | ६,४६५,००१,८०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २०७०/७१ | ६,000,000,000 | ४,000,000,000 | ३,९६५,५२३,६00 | २,४९९,४७८,२00 | ६,४६५,00१,८00 | हकप्रद शेयर ९.४२५0९१११९:१ |
| २०६९/७० | ६,000,000,000 | ४,000,000,000 | ३८0,३८२,६00 | ३,३३६,0६0,६00 | ३,७१६,४४३,२00 | |
| २०६८/६९ | ६,000,000,000 | ४,000,000,000 | ३८0,३८२,६00 | १,३९२,४४५,१00 | १,७७२,८२७,७00 | |
| २०६७/६८ | १,000,000,000 | ५00,000,000 | ३८0,३८२,६00 | - | ३८0,३८२,६00 | |
| २०६६/६७ | १,000,000,000 | ५00,000,000 | ३८0,३८२,६00 | - | ३८0,३८२,६00 | |
| २०६५/६६ | १,000,000,000 | ५00,000,000 | ३८0,३८२,६00 | - | ३८0,३८२,६00 | |
| २०६४/६५ | १,000,000,000 | ५00,000,000 | ३८0,३८२,६00 | - | ३८0,३८२,६00 | |
| २०६३/६४ | १,000,000,000 | ५00,000,000 | ३८0,३८२,६00 | - | ३८0,३८२,६00 | |
| २०६२/६३ | १,000,000,000 | ५00,000,000 | ३८0,३८२,६00 | - | ३८0,३८२,६00 | |
| २०६१/६२ | १,000,000,000 | ५00,000,000 | ३८0,३८२,६00 | - | ३८0,३८२,६00 | |
| २०६०/६१ | १,000,000,000 | ५00,000,000 | ३८0,३८२,६00 | - | ३८0,३८२,६00 | |
| २०५९/६० | १,000,000,000 | ५00,000,000 | ३८0,३८२,६00 | - | ३८0,३८२,६00 | |

**(ख) निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :**

ऋणपत्र निष्काशन पूर्व कम्पनीको शेयर पूँजीको संरचना :

| समूह | शेयरधनीहरु | साधारण शेयर संख्या | पूँजी संरचना (%) | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु (नेपाल सरकार) | ५,७५,४२,३८३ | ५१ | ५,७५,४२,३८,३०० | शतप्रतिशत |
| ख | सर्वसाधारण शेयरधनीहरु (कर्मचारी सहित) | ५,५२,८५,८१९ | ४९ | ५,५२,८५,८१,९०० | शतप्रतिशत |
| | **जम्मा** | **११,२८,२८,२०२** | **१००** | **११,२८,२८,२०,२००** | |

*नोटः यस बैंकको आ.व. २०७६/७७ मा सम्पन्न भएको ६१औं वार्षिक साधारण सभाबाट पारित भएको १२% बोनस शेयर सूचीकरण हुने प्रकियामा रहेको ।*

ऋणपत्र निष्काशन गरी बाँडफाँड गरेपश्चात कम्पनीको शेयर पूँजी र ऋणपत्र पूँजीको संरचना :

**शेयर पूँजी :**

| विवरण | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत | कैफियत |
|---|---|---|---|
| रु. १००।– अंकित दरको ११,२८,२८,२०२ कित्ता शेयरहरु | ११,२८,२८,२०,२०० | शतप्रतिशत | - |

**ऋणपत्र पूँजी :**

| विवरण | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|
| रु. १,०००।– अंकित दरको ३५,००,००० कित्ता ऋणपत्रहरु ८.५०% नेपाल बैंक ऋणपत्र-२०८७* | ३,५०,००,००,००० | - |

*यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको ऋणपत्र ।

**(ग) शेयर प्रिमियम खाता (निष्काशन पूर्व र निष्काशन पश्चात) :**

आ.व.२०७७।७८ को दोस्रो त्रैमासको प्रकाशित वित्तीय विवरण अनुसार २०७७ पौष मसान्तमा शेयर प्रिमियम रु.४३,५९,७६,६१८।- रहेको छ ।

**५. संस्थापक/सञ्चालक सम्बन्धी जानकारी :**

**क. संस्थापक/सञ्चालकको पृष्ठभूमि :**

**(अ) आधारभूत शेयरधनीहरु तथा सञ्चालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता र व्यापार/व्यवसायमा अनुभव :**

## आधारभूत शेयरधनीहरुको विवरण

| क.सं. | नाम | पद | उमेर | राष्ट्रियता | ठेगाना | शेयर संख्या | शैक्षिक योग्यता | व्यावसायिक अनुभव |
|---|---|---|---|---|---|---|---|---|
| १ | नेपाल सरकार | संस्थापक | लागू नहुने | लागू नहुने | - | ५,७५,४२,३८३ | लागू नहुने | लागू नहुने |
| २ | कर्मचारी सञ्चय कोष | साधारण शेयरधनी | लागू नहुने | लागू नहुने | पुल्चोक, ललितपुर | ४१,०६,६५० | लागू नहुने | लागू नहुने |

## सञ्चालकहरुको विवरण

| क.. सं. | नाम | पद | उमेर (वर्ष) | राष्ट्रियता | ठेगाना | शेयर स्वामित्व संख्या | शैक्षिक योग्यता | अनुभव (सम्बन्धित वा अन्य) |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्री मधु कुमार मरासिनी | अध्यक्ष | ५३ | नेपाली | स्याङ्जा जिल्ला, बिरुवा गा.पा. ५ हाल काठमाडौं जिल्ला, टोखा न.पा.७ । | - | Master of International and Development Economics | नेपाल सरकारको विशिष्ठ श्रेणी सचिव र हाल महालेखा नियन्त्रकको जिम्मेवारीमा रहनु भएको । नेपाल सरकारको विभिन्न ओहोदा र जिम्मेवारीमा रही राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरुमा कार्य गरेको अनुभव । वैदेशिक सहायता परिचालन, बजेट तथा सार्वजनिक वित्त व्यवस्थापन, कर सुधार तथा सम्पत्ति शूद्धीकरण निवारण लगायतका क्षेत्रमा विज्ञता हासिल गर्नु भएको । |
| २ | श्री दीपेन्द्र विक्रम थापा | स्वतन्त्र सञ्चालक | ६१ | नेपाली | काठमाडौं जिल्ला का.म.पा. १३, कालिमाटी । | - | एम.पि.ए, एम.एस.सि. ( उच्च स्नातकोत्तर) | नेपाल सरकारको अवकाश प्राप्त सचिव । प्राध्यापन, प्राज्ञिक र सार्वजनिक प्रशासन तथा व्यवस्थापन परामर्शदाताको रुपमा कार्य गरेको अनुभव । |
| ३ | श्री केदार प्रसाद पनेरु | सञ्चालक | ५७ | नेपाली | काठमाडौं जिल्ला चन्द्रागिरी १३, नैकाप । | - | एम.पि.ए | नेपाल सरकार, अर्थ मन्त्रालयका वर्तमान सह-सचिव । |
| ४ | डा. साबित्री रञ्जित श्रेष्ठ | सञ्चालक | ६१ | नेपाली | काठमाडौं जिल्ला का.म.पा.३५, कोटेश्वर । | - | विद्यावारिधि | प्राध्यापन पेशामा संलग्न । विभिन्न संघ संस्था तथा प्राज्ञिक क्षेत्रसँग आवद्ध रहेको अनुभव । |
| ५. | श्री विवेक शम्शेर ज.ब.रा. | सञ्चालक | ५६ | नेपाली | पुरेनवा ६, रौतहट । हाल काठमाडौं जिल्ला, का.म.पा. १०, बानेश्वर । | १०० | एम.बि.ए. ( ई-गभर्नेन्स), एम.बि.ए. ( एम.आई.एस) | नेपाल सरकार, विभिन्न दातृ निकाय तथा निजी क्षेत्रका संस्थाहरुमा सर्टिफाईड सिस्टम अडिटर, रणनीतिकार, परामर्शदाता आदिको रुपमा कार्यरत रही सूचना प्रविधि क्षेत्रमा २९ वर्ष भन्दा बढिको अनुभव । |
| ६ | श्री विष्णु कुमार अग्रवाल | सञ्चालक | ४९ | नेपाली | ललितपुर जिल्ला, ललितपुर म.पा. ०२, सानेपा । | ५००० | ई.एम.वि.ए. | सञ्चालक- राजेश मेटल क्राफ्ट प्रा.लि., आरएमसि सिमेन्ट प्रा.लि., पाल्पा सिमेन्ट ईन्डस्टिज प्रा.लि. । लुम्बिनी विकास बैंकमा सञ्चालक समितिको सल्लाहकार ( ई.सं.२००३-२००७) । साथै उद्योग तथा व्यापारको क्षेत्रमा लामो अनुभव । |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | श्री ओम कृष्ण श्रेष्ठ | सञ्चालक | ५७ | नेपाली | काभ्रे जिल्ला नमोबुद्ध ९, क्षत्रेबाँफ । हाल काठमाडौ जिल्ला, का.म.पा. ३५ कोटेश्वर । | - | एम.बि.ए. | कर्मचारी सञ्चय कोषको विभिन्न जिम्मेवारीमा रही २५ बर्ष भन्दा बढिको अनुभव । |

**(आ) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण र उक्त कम्पनी/संस्थाका सञ्चालकहरुको नाम, ठेगाना (प्राकृतिक व्यक्ति नखुलेसम्म) :**
सो नभएको ।

**(इ) संगठित संस्थाको सञ्चालक अन्य कुनै कम्पनी संस्था, कोष, संगठनसँग आवद्ध भए त्यस्तो सञ्चालक र आबद्ध भएको संस्थाको नाम, ठेगाना :**

सो नभएको ।

**(ई) संस्थापक/सञ्चालकको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरण :**

शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज सम्बन्धी व्यवस्था देहाय बमोजिम रहेको छ :

क) कम्पनीको शेयर खरिद वा हस्तान्तरण गर्न वा धितोबन्धक राख्न सञ्चालक समितिको स्वीकृती लिनु पर्नेछ । स्वीकृती बिना गरिएको शेयर खरिद वा हस्तान्तरण मान्य हुनेछैन ।

(ख) सर्वसाधारण शेयरधनी समूह बाहेक अन्य समूह (संस्थापक र अन्य समूह) ले लिएको शेयर संगठित संस्थाले थप सार्वजनिक निष्काशन गरेको शेयर बाँडफाँड भएको मितिले तिन वर्षको अवधि पूरा नभई बिक्री गर्न पाईने छैन ।

(ग) बैंकका सञ्चालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, सचिव वा बैंकको व्यवस्थापन तथा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्तिले त्यस्तो पदमा बहाल रहँदाको बखत वा त्यस्तो पदबाट अवकाश प्राप्त गरेको कम्तीमा एक वर्षसम्म बैंक वा त्यसको सहायक कम्पनीको शेयर आफ्नो वा आफ्नो परिवारको नियन्त्रणमा रहेको फर्म, कम्पनी वा संस्थाको नाममा खरिद बिक्री गर्न, गराउन, गर्न दिन, धितोबन्धक राख्न, राख्न लगाउन वा दान बकस लिन, दिन वा लेनदेन गर्न हुंदैन ।

(घ) संस्थापक वर्गको शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज सम्बन्धी व्यवस्था प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, कम्पनी तथा धितोपत्र सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ ।

**ख. संस्थापक/सञ्चालकसँगको कारोवार :**

**(अ) संगठित संस्थाबाट कुनै संस्थापक/सञ्चालकले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैरआर्थिक) प्राप्त गरेको वा प्राप्त गर्ने भएमा त्यस्तो वस्तु वा सुविधाको प्रकृति र मूल्य र त्यस्तो सुविधा दिए वापत बैंकले कुनै सम्पत्ति, सेवा प्राप्त गरेको वा गर्ने भएमा तत्सम्बन्धी विवरण :**
सो नभएको ।

**(आ) बुँदा (अ) मा उल्लिखित वस्तु वा सुविधाको मूल्य निर्धारण गर्न अपनाइएको तरिका :**
सो नभएको ।

**६. सीमित दायित्व सम्बन्धी व्यवस्था :**
यस कम्पनी प्रचलित कम्पनी कानून अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो । यसमा शेयरधनीहरुको दायित्व सीमित छ । यस कम्पनीको शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबोल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ ।

**७. संगठित संस्थाको कर्मचारी सम्बन्धी जानकारी :**
**क. संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :**

**(अ) संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका कर्मचारीको नाम, योग्यता, नियुक्ति भएको मिति, पहिले गरेको कामको अनुभव तथा संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या सम्बन्धी विवरण । साथै त्यस्तो**

**कर्मचारीहरु अन्य कुनै सूचीकृत संगठित संस्थाको आधारभूत शेयरधनीको रुपमा रहेको वा कर्मचारीहरुले अन्य कुनै संगठित संस्थामा गरेको लगानी सम्बन्धी विवरण :**

| क्र.सं. | कर्मचारीको नाम | पद | योग्यता | नियुक्ति मिति | कार्यानुभव | यस बैंकको शेयरमा लगानी (शेयर संख्या) |
|---|---|---|---|---|---|---|
| १ | श्री कृष्ण बहादुर अधिकारी | प्रमुख कार्यकारी अधिकृत | एम.बि.ए, ई.एम.बि.ए. | २०७६/०६/१५ | नेपाल बैंक लिमिटेडमा विभिन्न जिम्मेवारीमा रही १६ बर्ष भन्दा बढिको कार्य अनुभव । | - |
| २ | श्री समता पन्त | निमित्त नायब प्रमुख कार्यकारी अधिकृत | एम.बि.एस. | २०६१/०७/१६ | नेपाल बैंक लिमिटेडमा विभिन्न जिम्मेवारीमा रही १६ बर्ष भन्दा बढिको कार्य अनुभव । | ४०३ |
| ३ | श्री लक्ष्मण पौडेल | सहायक प्रमुख कार्यकारी अधिकृत | एम.बि.ए. | २०६१/०५/०१ | नेपाल बैंक लिमिटेडमा विभिन्न जिम्मेवारीमा रही १६ बर्ष भन्दा बढिको कार्य अनुभव । | ४०३ |
| ४ | श्री विश्वराज बराल | सहायक प्रमुख कार्यकारी अधिकृत | एम.बि.एस, बि.ए. | २०६१/०५/०१ | नेपाल बैंक लिमिटेडमा विभिन्न जिम्मेवारीमा रही १६ बर्ष भन्दा बढिको कार्य अनुभव । | - |
| ५ | श्री प्रकाश कुमार अधिकारी | सहायक प्रमुख कार्यकारी अधिकृत | एम.पि.ए, एम.बि.ए. | २०६१/०५/०१ | नेपाल बैंक लिमिटेडमा विभिन्न जिम्मेवारीमा रही १६ बर्ष भन्दा बढिको कार्य अनुभव । | - |
| ६ | श्री होम बहादुर खड्का | का.मु. सहायक प्रमुख कार्यकारी अधिकृत | एम.बि.एस, एम.ए. (समाजशास्त्र) | २०६१/०५/०१ | नेपाल बैंक लिमिटेडमा विभिन्न जिम्मेवारीमा रही १६ बर्ष भन्दा बढिको कार्य अनुभव । | - |

माथि उल्लिखित बैंकको उच्च व्यवस्थापकीय तहका कर्मचारीहरु अन्य कुनै सूचीकृत संगठित संघ/संस्था वा अन्य कुनै संगठित संस्थाको आधारभूत शेयरधनीको रुपमा नरहेको जानकारी गराउँदछौं ।

**(आ) विवरणपत्र बोर्डमा प्रस्तुत गर्नु भन्दा १ वर्ष अगाडिको अवधिमा नियम अनुसार अवकाश प्राप्त भएको अवस्था बाहेक संगठित संस्थाको उच्च व्यवस्थापकीय तहमा रहेका कुनै कर्मचारी परिवर्तन भएको भए सो सम्बन्धी विवरण :**

सो नभएको ।

**(इ) कर्मचारीको संख्या: स्थायी, अस्थायी, करार, ज्यालादारी र अन्य (आषाढ मसान्त २०७७):**

| क्र.सं. | कुल कर्मचारी संख्या | स्थायी | परिक्षणकालमा रहेका | करार | ज्यालादारी | अन्य |
|---|---|---|---|---|---|---|
| १ | २१७२ | १५५७ | २२ | ५९१ | २ | - |

**ख. सञ्चालक एवं उच्च व्यवस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण :**

**(अ) सञ्चालक समितिको अध्यक्ष लगायत अन्य सदस्यहरुलाई प्रदान गरिने वा गरिएको बैठक भत्ताको दर तथा निजहरुलाई प्रदान गरिने वा गरिएको दैनिक तथा भ्रमण भत्ता तथा अन्य सुविधा :**

बैंकको विनियमावलीको व्यवस्था बमोजिम सञ्चालक समितिका अध्यक्ष तथा सञ्चालक समितिका अन्य सदस्यहरुलाई बैठक भत्ता बापत प्रति बैठक रु.४,०००/- प्रदान गर्ने व्यवस्था छ । सञ्चालक समितिका अध्यक्ष तथा सञ्चालक समितिका सदस्यहरुलाई मासिक रु.२,०००/- पत्रपत्रिका खर्च र सञ्चार सुविधा बापत बढीमा मासिक रु.५,०००/- सम्म बिलको रकम खर्च प्रदान गर्ने गरिएको छ । त्यस्तै, कार्यालयको सवारी साधन प्रयोग

नगरेको खण्डमा प्रति बैठक रु.२००/- पारवाहन खर्च प्रदान गर्ने गरिएको छ । त्यसैगरी रु.६,००,०००/- (छ लाख) को दुर्घटना बीमा गरिने व्यवस्था रहेको छ ।

बैंकको कामको सिलसिलामा सञ्चालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ ।

१) नेपाल अधिराज्य भित्र

दैनिक भत्ता बापत रु. १,२००/-, आवास खर्च बापत बिल पेश गरेको आधारमा रु. २,५००/- प्रतिदिन, खाना खर्च बापत बिल पेश गरेको आधारमा बढीमा रु. १,०००/- प्रतिदिन, परिवहन बापत बिल, टिकट अनुसारको रकम भुक्तानी दिईनेछ ।

२) विदेशमा जाँदाको दैनिक भत्ता

| दैनिक भत्ता | भारतमा भारु | भारत बाहेक सबै राष्ट्रका लागि डलर |
|---|---|---|
| अध्यक्षलाई | ६२५/- | १६०/- |
| सञ्चालकलाई | ६००/- | १५५/- |

भारत तथा अन्य राष्ट्रहरुमा भ्रमणमा जाँदा पाँच तारे होटलमा बस्न र हवाई मार्गद्वारा यात्रा गर्दा बिजनेश क्लासबाट यात्रा गर्न सकिनेछ । खाना खर्च बापतको होटलको बिल अनुसारको रकम, परिवहन खर्च बापतको रकम र हवाई टिकटको रकम बैंकले व्यहोर्ने छ ।

**(आ) संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका अधिकृतहरुको नाम, पद र एक आर्थिक वर्षको अवधि भित्र उनीहरुलाई पारिश्रमिकको रुपमा भुक्तानी गरिएको रकम : (आ.व. २०७६/७७ को )**

| क्र.सं. | नाम | पद | एक आर्थिक वर्षको अवधि भित्र उनीहरुलाई पारिश्रमिकको रुपमा भुक्तानी गरिएको रकम |
|---|---|---|---|
| १ | श्री कृष्ण बहादुर अधिकारी | प्रमुख कार्यकारी अधिकृत | ४,६९६,३०६।२२ |
| २ | श्री समता पन्त | निमित्त नायब प्रमुख कार्यकारी अधिकृत | २,१५१,४१६।५५ |
| ३ | श्री लक्ष्मण पौडेल | सहायक प्रमुख कार्यकारी अधिकृत | २,२८६,१२६।५२ |
| ४ | श्री विश्वराज बराल | सहायक प्रमुख कार्यकारी अधिकृत | २,३०३,०३०।९६ |
| ५ | श्री प्रकाश कुमार अधिकारी | सहायक प्रमुख कार्यकारी अधिकृत | २,१७१,५५४।८४ |
| ६ | श्री होम बहादुर खड्का | का.मु. सहायक प्रमुख कार्यकारी अधिकृत | २,१३१,५०५।१४ |

**(इ) कुनै अधिकृत वा सञ्चालकलाई भविष्यको लागि कुनै रकम प्रदान गरिने गरी करार गरिएको भए सो सम्बन्धी विवरणः**

सो नभएको ।

**८. अन्तर्निहित जोखिम तथा सो को व्यवस्थापनका लागि व्यवस्थापनको धारणा :**

कम्पनीको अर्न्तनिहित जोखिमहरु निम्नानुसार रहेका छन् ।

**(क) वित्तीय साधनको अभावबाट हुने जोखिम :**

- कर्जा लगानीमा अप्ठ्यारो पर्ने र सम्पूर्ण निक्षेपकर्ता एकैपटक निक्षेप रकमको भुक्तानी माग गर्न आएमा भुक्तानी दिन समस्या पर्ने जोखिम ।

**(ख) कच्चा पदार्थको अभावबाट हुने जोखिम :**

- सो नभएको ।

**(ग) उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिमः**

- बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा प्राप्ति वा गाभिएर उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु ।
- वित्तीय संस्थाले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिमहरु ।
- निक्षेप तथा कर्जाको ब्याजदरमा आउने परिवर्तनबाट हुन सक्ने जोखिमहरु ।

**(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिवृद्धिको जोखिमः**

- सो नभएको ।

**(ङ) विदेशी विनिमयको जोखिम :**

- विदेशी विनिमय कारोवार गर्दा विनिमय दरमा हुने थपघटबाट हुन सक्ने जोखिमहरु रहेको ।

**(च) कानूनी प्रक्रियाहरु तथा इजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्न सक्ने अवरोधहरु :**

- सो नभएको ।

**(छ) क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :**

- अन्तर्राष्ट्रिय बजारको आर्थिक मन्दीले प्रत्यक्ष असर वित्तीय क्षेत्रमा पर्न सक्ने भएकोले सोबाट हुन सक्ने जोखिमहरु ।
- पूँजी बजारको अवस्थामा आउने उतार-चढावबाट पर्नसक्ने जोखिमहरु ।

**(ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :**

- देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले जारी गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट सिर्जना हुने सम्भावित जोखिमहरु ।
- देशको वैदेशिक नीतिमा हुनसक्ने परिवर्तनबाट उत्पन्न हुनसक्ने सम्भावित जोखिमहरु ।
- नेपाल सरकार तथा अन्य नियमन निकायहरुको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट सिर्जना हुनसक्ने सम्भावित जोखिमहरु ।

**(झ) सञ्चालन अनुभवको अभाव :**

- साबिकमा नेपाल बैंक कानून, १९९४ अन्तर्गत बि.सं. १९९४ साल कार्तिक ३० गते स्थापना भई वित्तीय कारोवार सञ्चालन गर्दै आएको र कम्पनी अध्यादेश, २०६२ अन्तर्गत कम्पनी रजिष्ट्रार कार्यालयमा मिति २०६३/०१/०५ मा दर्ता भई मिति २०६३/०१/१७ मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न इजाजत प्राप्त संस्था भएकोले सञ्चालन अनुभवको अभाव नरहेको ।

**(ञ) प्रविधिको परिवर्तनबाट हुन सक्ने जोखिम :**

- प्रविधि सम्बन्धी परिवर्तनबाट संगठित संस्थाको सञ्चालन तथा कारोवार प्रणालीमा अप्रत्याशित जोखिम रहनु स्वभाविक नै हो । प्रविधिलाई चुस्त दुरुस्त राख्न सफ्टवेयर तथा हार्डवेयरमा समयसापेक्ष हेरफेर गर्नपर्ने भएमा बैंकको व्ययभार बढ्न जानेछ । संगठित संस्थाले प्रयोग गर्ने सफ्टवेयरमा प्रविधिको परिवर्तनबाट आउन सक्ने जोखिम व्यवस्थापनका लागि तथ्याङ्कहरुको सुरक्षार्थ Data Backup मा विशेष सतर्कता अपनाईएको छ । बैंकको प्रणाली भित्र अनाधिकृत रुपले प्रवेश हुन सक्ने अवस्थालाई मध्यनजर गरी आवश्यक सुरक्षाका उपायहरु अवलम्बन गर्दैआएको छ । त्यस्तै बैंकले समय समयमा कर्मचारीहरुलाई तालिम दिने र अन्य विज्ञहरुको राय सुझावहरु समेत लिईरहेको छ । यस प्रकार प्रविधि परिवर्तनबाट हुन सक्ने जोखिमलाई न्यूनिकरण गर्न संगठित संस्था सक्षम रहेको छ ।

**(ट) अन्य**

- देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
- देशको आर्थिक अवस्थामा आउने उतार-चढावबाट हुन सक्ने जोखिमहरु ।

**उपरोक्तानुसारको जोखिमहरुलाई न्यून वा व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्थापनको योजना :**

संगठित संस्थाको कर्जा तथा लगानीको लागि दिगो श्रोतको रुपमा बैंकले दीर्घकालीन ऋणपत्र जारी गर्ने र साना व्यक्तिगत निक्षेपको मात्रा वृद्धि गरी संस्थागत निक्षेप र कल निक्षेपको अंश उपयुक्त सीमा भित्र राख्ने रणनीति अवलम्बन गरेको छ ।

संगठित संस्थाले कर्जा तथा लगानी खराब भई हुनसक्ने जोखिमहरुको लागि कर्जा तथा लगानी जोखिम कोषको व्यवस्था गर्नेछ । संगठित संस्थाले वित्त बजारमा हुने प्रतिस्पर्धाको साथै क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिमहरु न्यूनीकरण गर्नका लागि आवश्यक जनशक्ति विकासमा ध्यान पुऱ्याउनुको साथै अन्य व्यावसायिक जोखिमहरुबाट सिर्जना हुनसक्ने हानी-नोक्सानीको लागि चनाखो पूर्वक सम्भावित हानी-नोक्सानी कम गर्न संस्थाको व्यवस्थापन सक्षम एवं प्रतिवद्ध छ । त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणालीको स्थापना, आधुनिक प्रविधिको प्रयोग, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवम् आफ्नो सेवा तथा सुविधाहरुमा समयानुकुल परिवर्तन गर्दै लगिने संगठित संस्थाको नीति रहेको छ ।

**धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम :**

रु. १,०००/- प्रति ऋणपत्रको दरले निष्काशन गरिएको मूल्यले सूचीकरण पश्चात् धितोपत्र बजारमा हुने कारोवारले ऋणपत्र मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ ।

## ९. वित्तीय विवरण :

**वित्तीय विवरण र तत्सम्बन्धमा व्यवस्थापनको धारणा र विश्लेषण :**

**क) संगठित संस्थाको लेखापरीक्षण भएको पछिल्लो आर्थिक वर्षको वासलात, नाफा नोक्सान हिसाब, नाफा नोक्सान हिसाब बाँडफाँड र नगद प्रवाह विवरण :**

कम्पनीको आ.व.२०७६/७७ को वासलात, नाफा–नोक्सान हिसाब, नाफा–नोक्सान बाँडफाँड हिसाब तथा नगद प्रवाहको विवरण निम्नानुसार छ :-

**वासलात (आ.व. २०७६/७७)**

*रु. हजारमा*

| | सम्पत्ति | २०७६/७७ |
|---|---|---|
| १ | नगद तथा नगद समान | ४,९७१,६४२ |
| २ | नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात तथा लिनुपर्ने वक्यौता | ६,१२५,२७७ |
| ३ | बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | ६,११७,४५० |
| ४ | डेरिभेटिभ वित्तीय उपकरण | ६,५९०,४८८ |
| ५ | अन्य व्यापारिक सम्पत्तिहरु | - |
| ६ | बैंक तथा वित्तीय संस्थालाई दिएको कर्जा | ३,५२१,१८९ |
| ७ | ग्राहकलाई कर्जा तथा सापटी | १०३,३०३,७५२ |
| ८ | धितोपत्रमा लगानी | ३२,५९६,०९३ |
| ९ | चालु कर सम्पत्ति | १,५८०,९२४ |
| १० | सहायक कम्पनीमा लगानी | - |
| ११ | सम्बद्ध कम्पनीमा लगानी | - |
| १२ | सम्पत्तिमा लगानी | १०३,१०६ |
| १३ | सम्पत्ति तथा उपकरण | १२,००८,०२३ |
| १४ | गुडविल (ख्याती) र अमूर्त सम्पत्ति | ३९,४५१ |
| १५ | स्थगन कर सम्पत्ति | - |
| १६ | अन्य सम्पत्ति | १४,२०५,४२२ |
| | **कुल सम्पत्ति** | **१९१,१६२,८१७** |
| | **दायित्व** | **२०७६/७७** |
| १ | बैंक तथा वित्तीय संस्थालाई तिर्न बाँकी | १,४५८,८६६ |
| २ | नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी | २३,९२१ |
| ३ | डेरिभेटिभ वित्तीय उपकरण | ६,४७३,०८१ |
| ४ | ग्राहकबाट निक्षेप दायित्व | १४१,५३०,३८१ |
| ५ | सापटी | १,०००,००० |

| | | |
|---|---|---|
| ६ | चालु आयकर दायित्व | - |
| ७ | व्यवस्था | ५६,८३८ |
| ८ | स्थगन कर दायित्व | ३,८२५,७५७ |
| ९ | अन्य दायित्व | ६,७६२,९८१ |
| १० | जारी गरिएको ऋणपत्र | - |
| ११ | सुरक्षण नराखिएको आवधिक दायित्व | - |
| | **कुल दायित्व** | **१६१,१३१,८२५** |
| | **पूँजी** | **२०७६/७७** |
| १ | शेयर पूँजी | ११,२८२,८२० |
| २ | शेयर प्रिमियम | १,७८९,९१५ |
| ३ | सञ्चित मुनाफा | ३,१०२,७२१ |
| ४ | जगेडा कोषहरु | १३,८५५,५३६ |
| | **कुल पूँजी** | **३०,०३०,९९२** |
| | **जम्मा दायित्व र पूँजी** | **१९१,१६२,८१७** |

**नाफा-नोक्सान हिसाब (आ.व. २०७६/७७)**

*रु. हजारमा*

| | **विवरण** | **२०७६/७७** |
|---|---|---|
| १ | ब्याज आम्दानी | ११,५२६,८४२ |
| २ | ब्याज खर्च | ५,९०८,०२३ |
| | **खुद ब्याज आम्दानी** | **५,६१८,८१९** |
| ३ | शुल्क तथा कमिशन आम्दानी | ७९०,३४५ |
| ४ | शुल्क तथा कमिशन खर्च | ४३,९५७ |
| | **खुद शुल्क र कमिशन आम्दानी** | **७४६,३८८** |
| | **खुद ब्याज, शुल्क र कमिशन आम्दानी** | **६,३६५,२०७** |
| ५ | खुद व्यापारिक आम्दानी | ४१२,५५९ |
| ६ | अन्य सञ्चालन आम्दानी | ३९४,११५ |
| | **जम्मा सञ्चालन आम्दानी** | **७,१७१,८८१** |
| ७ | कर्जा जोखिमको व्यवस्था/(फिर्ता) तथा अन्य नोक्सानी | ८७९,६३४ |
| | **खुद सञ्चालन आम्दानी** | **६,२९२,२४७** |
| | **सञ्चालन खर्च** | |
| ८ | कर्मचारी खर्च | २,२२४,८४६ |
| ९ | अन्य सञ्चालन खर्च | ६६८,६७८ |
| १० | ह्रास कट्टी र परिषोधन | १५०,८०२ |
| | **सञ्चालन मुनाफा** | **३,२४७,९२१** |
| ११ | गैर सञ्चालन आम्दानी | ३२७,२५२ |
| १२ | गैर सञ्चालन खर्च | - |
| | **आय कर अघिको मुनाफा** | **३,५७५,१७३** |
| १३ | आयकर खर्च | - |
| १४ | चालु कर | ८२०,४७२ |
| १५ | स्थगन कर खर्च/आम्दानी | ४२१,८१२ |
| | **यस अवधिको मुनाफा** | **२,३३२,८८९** |

## नगद प्रवाहको विवरण (आ.व. २०७६/७७)

*रु. हजारमा*

| विवरण | २०७६/७७ |
|---|---|
| **कारोवार सञ्चालनबाट नगद प्रवाह** | |
| ब्याज आम्दानी | ११०,८८,६४५ |
| शुल्क तथा अन्य आम्दानी | ७९०,३४५ |
| लाभांश प्राप्ति | - |
| अन्य कारोवार सञ्चालनबाट प्राप्ति | १,०२५,४१९ |
| ब्याज खर्च | (५९०८०२३) |
| कमिशन तथा शुल्क खर्च | (४३,९५७) |
| कर्मचारीहरुलाई नगद भुक्तानी | (२२,२४,८४६) |
| अन्य खर्च | (१,५४८,३१२) |
| **सञ्चालन सम्पत्ति र दायित्वको परिवर्तन अधिको सञ्चालन नगद प्रवाह** | **३,१७९,२७१** |
| **सञ्चालन सम्बन्धी चालु सम्पत्तिमा घट/(बढ)** | |
| नेपाल राष्ट्र बैंकबाट बाँकी रहेको मौज्दात | ४,०५३,०४५ |
| बैंक तथा वित्तीय संस्थाहरुमा रहेको मौज्दात | (६८९,७७५) |
| अन्य व्यापारिक सम्पत्ति | - |
| बैंक तथा वित्तीय संस्थाहरुलाई दिइएको कर्जा तथा सापटी | (२१,७९०८) |
| ग्राहकलाई दिइएको कर्जा तथा सापटीमा घट/(बढ) | (१०,४४३,९११) |
| अन्य सम्पत्ति | (४१४,९०२) |
| **सञ्चालन सम्बन्धी चालू दायित्वमा (घट)/बढ** | - |
| बैंक तथा वित्तीय संस्थाहरुलाई दिनु पर्ने बाँकी रकम | ३८,४३६९ |
| नेपाल राष्ट्र बैंकलाई दिनु पर्ने बाँकी रकम | (१७,९२३) |
| ग्राहकको निक्षेप | २४,३२९,५९२ |
| ऋण सापटी | ५०,००० |
| अन्य दायित्व | (७,१५२,३४३) |
| **आयकर अगाडिको सञ्चालन गतिविधिबाट खुद नगद प्रवाह** | **१३,०५९,५०७** |
| आयकर भुक्तानी | (१,४०९,८९७) |
| **कारोवार सञ्चालनबाट खुद नगद प्रवाह** | **११,६४९,६१०** |
| **लगानी कारोवारमा नगद प्रवाह** | |
| धितोपत्र खरिद | (१५,८६४,७४२) |
| धितोपत्र विक्रीबाट प्राप्ति | - |
| स्थिर सम्पत्तिको खरिद | (३२८,९४७) |
| स्थिर सम्पत्तिको बिक्रीबाट प्राप्ति | ११,१९० |
| अमूर्त सम्पत्तिको खरिद | (२६,२६६) |
| अमूर्त सम्पत्तिको बिक्रीबाट प्राप्ति | - |
| लगानीमा सम्पत्तिको खरिद | १०,२०१ |
| लगानीको सम्पत्तिको बिक्रीबाट प्राप्ति | ७५,३७८ |
| ब्याज आम्दानी | - |
| लाभांश आम्दानी | ३३,०९२ |
| **लगानी कारोवारमा खुद नगद प्रवाह** | **(१६,०९०,०९४)** |
| **वित्तीय श्रोत कारोवारबाट नगद प्रवाह** | |
| ऋणपत्र निष्काशनबाट प्राप्ति | - |
| ऋणपत्रको भुक्तानी | - |
| असुरक्षित दायित्वको निष्काशनबाट प्राप्ति | - |
| सुरक्षणमा नराखिएको दायित्वको भुक्तानी | - |

| | |
|---|---|
| शेयर निष्काशनबाट प्राप्ति | - |
| लाभांश खर्च | (९८१,११५) |
| ब्याज खर्च | - |
| अन्य प्राप्ती/खर्च | (२५,७२८) |
| **वित्तीय श्रोत कारोवारबाट खुद नगद प्रवाह** | **(१,००६,८४३)** |
| **नगद तथा नगद समानमा भएको खुद घट/बढ** | **(५,४४७,३२७)** |
| नगद तथा नगद समानमा रहेको शुरुवाती मौज्दात | १०,४१८,९६९ |
| नगद तथा नगद समानमा विनिमय दरमा भएको फरक | - |
| **नगद तथा नगद समानमा रहेको अन्तिम मौज्दात** | **४,९७१,६४२** |

*नोटः NFRS अनुसार वित्तीय विवरण तयार पारिएको हुनाले नाफा नोक्सान बाँडफाँड हिसाब संलग्न नहुने ।*

**(ख) सञ्चालन अवधि तिन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तिन वर्षको र तिन वर्ष व्यतीत भइनसकेको अवस्थामा सञ्चालन अवधिभरको लेखापरीक्षण भएको नाफा नोक्सान, वासलात सहितको संक्षिप्त वित्तीय विवरण :**

बैंकको आ.व. २०७४/७५, २०७५/७६ र २०७६/७७ को लेखापरीक्षण भएको आषाढ मसान्तको वित्तीय विवरण निम्न बमोजिम रहेको छ ।

**वासलात**

*रु हजारमा*

| **सम्पत्ति** | **वास्तविक** | | |
|---|---|---|---|
| | **२०७४/७५** | **२०७५/७६** | **२०७६/७७** |
| नगद तथा नगद समान | ५,७८०,८८२ | १०,४१८,९६९ | ४,९७१,६४२ |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात तथा लिनु पर्ने बक्यौता | ६,२८३,६५५ | १०,१७८,३२१ | ६,१२५,२७७ |
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | २,९६५,४९३ | ५,४२७,६७५ | ६,११७,४५० |
| डेरिभेटिभ वित्तीय उपकरण | ३,४१३,१२८ | ५,५९४,६२४ | ६,५९०,४८८ |
| अन्य व्यापारिक सम्पत्तिहरु | - | - | - |
| बैंक तथा वित्तीय संस्थालाई दिएको कर्जा | २,७३९,४७१ | ३,३०३,२८० | ३,५२१,१८९ |
| ग्राहकलाई कर्जा तथा सापटी | ७५,५५६,५११ | ९२,४२१,६३७ | १०३,३०३,७५३ |
| धितोपत्रमा लगानी | १६,२४७,७७४ | १६,४२५,७३३ | ३२,५९६,०९३ |
| चालु कर सम्पत्ति | ५२१,८३२ | ९९१,४९९ | १,५८०,९२३ |
| सहायक कम्पनीमा लगानी | - | - | - |
| सम्बद्ध कम्पनीमा लगानी | - | - | - |
| सम्पत्तिमा लगानी | ८७,००७ | ११३,३०७ | १०३,१०६ |
| सम्पत्ति तथा उपकरण | ११,६३८,३३१ | ११,८२८,२२२ | १२,००८,०२३ |
| गुडविल (ख्याती) र अमूर्त सम्पत्ति | १४,२४४ | २५,९९४ | ३९,४५१ |
| स्थगन कर सम्पत्ति | - | - | - |
| अन्य सम्पत्ति | ११,५६३,०२८ | १४,७८६,३८५ | १४,२०५,४२२ |
| **कुल सम्पत्ति** | **१३६,८११,३५६** | **१७१,५१५,६४६** | **१९१,१६२,८१७** |
| **दायित्व** | | | |
| बैंक तथा वित्तीय संस्थालाई तिर्न बाँकी | २९०,६५२ | १,०७४,४९७ | १,४५८,८६६ |
| नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी | ३४,५२५ | ४१,८४३ | २३,९२१ |
| डेरिभेटिभ वित्तीय उपकरण | ३,३९४,५०० | ५,५०४,४३० | ६,४७३,०८० |
| ग्राहकको निक्षेप दायित्व | ९९,५४०,७२६ | ११७,२००,७८९ | १४१,५३०,३८१ |
| सापटी | १०९,५०० | ९५०,००० | १,०००,००० |
| चालु कर दायित्व | - | - | - |

| | | | |
|---|---|---|---|
| व्यवस्था | ६३,२७८ | १३१,४३९ | ५६,८३९ |
| स्थगन कर दायित्व | ३,२२६,४५३ | ३,६५०,९७० | ३,८२५,७५७ |
| अन्य दायित्व | ७,२३०,०७३ | १३,६८०,३४१ | ६,७६२,९८१ |
| जारी गरिएको ऋणपत्र | – | – | – |
| सुरक्षण नराखिएको सहायक आवधिक दायित्व | – | – | – |
| **कुल दायित्व** | **११३,८८९,७०७** | **१४२,२३४,३०९** | **१६१,१३१,८२५** |
| **पूँजी** | | | |
| शेयर पूँजी | ८,०४२,६६२ | ९,८११,१४८ | ११,२८२,८२० |
| शेयर प्रिमियम | ८२,४९२ | ३,२६२,८११ | १,७८९,११५ |
| सञ्चित मुनाफा | (४३७,१९१) | २,८९५,६९३ | ३,१०२,७२१ |
| जगेडा कोषहरु | १५,२३३,६८६ | १३,३११,६८५ | १३,८५५,५३६ |
| **कुल पूँजी** | **२२,९२१,६४९** | **२९,२८१,३३७** | **३०,०३०,९९२** |
| **जम्मा दायित्व र पूँजी** | **१३६,८११,३५६** | **१७१,५१५,६४६** | **१९१,१६२,८१७** |

## नाफा-नोक्सान हिसाव

*रु हजारमा*

| विवरण | वास्तविक | | |
|---|---|---|---|
| | २०७४/७५ | २०७५/७६ | २०७६/७७ |
| ब्याज आम्दानी | ९,२२९,४३६ | १०,३७५,६९३ | ११,५२६,८४२ |
| ब्याज खर्च | २,८४१,६९० | ४,१८६,१५० | ५,९०८,०२३ |
| **खुद ब्याज आम्दानी** | **६,३८७,७४६** | **६,१८९,५४३** | **५,६१८,८१९** |
| शुल्क तथा कमिशन आम्दानी | ९८३,०२० | १,०३९,३४० | ७९०,३४५ |
| शुल्क तथा कमिशन खर्च | ३५,४२९ | ४५,३६३ | ४३,९५७ |
| **खुद शुल्क र कमिशन आम्दानी** | **९४७,५९१** | **९९३,९७७** | **७४६,३८८** |
| **खुद ब्याज, शुल्क र कमिशन आम्दानी** | **७,३३५,३३७** | **७,१८३,५२०** | **६,३६५,२०७** |
| खुद कारोवार आम्दानी | २०७,२८१ | ३४२,४१३ | ४१२,५५९ |
| अन्य सञ्चालन आम्दानी | १८,८९२ | २१०,७८३ | ३९४,११५ |
| **जम्मा सञ्चालन आम्दानी** | **७,५६१,५१०** | **७,७३६,७१६** | **७,१७१,८८१** |
| कर्जा जोखिमको व्यवस्था/(फिर्ता) तथा अन्य नोक्सानी | (८६,३४०) | ४७७,१०३ | ८७९,६३४ |
| **खुद सञ्चालन आम्दानी** | **७,६४७,८५०** | **७,२५९,६१३** | **६,२९२,२४७** |
| **सञ्चालन खर्च** | – | – | – |
| कर्मचारी खर्च | २,१४८,८३० | २,०७७,३९८ | २,२२४,८४६ |
| अन्य सञ्चालन खर्च | ५५२,६४८ | ५४९,७९२ | ६६८,६७८ |
| ह्रास कट्टी र परिषोधन | ९७,५८९ | १२२,३७५ | १५०,८०२ |
| **सञ्चालन मुनाफा** | **४,८४८,७८३** | **४,५१०,०४८** | **३,२४७,९२१** |
| गैर सञ्चालन आम्दानी | ८१,८९५ | १०१,६०८ | ३२७,२५२ |
| गैर सञ्चालन खर्च | २०२ | – | – |
| **आय कर अघिको मुनाफा** | **४,९३०,४७५** | **४,६११,६५६** | **३,५७५,१७३** |
| **आयकर खर्च** | – | – | – |
| चालु कर | १,४७९,४८९ | १,०८०,४३३ | ८२०,४७२ |
| स्थगन कर | २३५,३०४ | ९३४,४८७ | ४२१,८१२ |
| **यस अवधिको मुनाफा** | **३,२१५,६८२** | **२,५९६,७३६** | **२,३३२,८८९** |

## नगद प्रवाहको विवरण

*रु हजारमा*

| विवरण | वास्तविक | | |
|---|---|---|---|
| | २०७४/७५ | २०७५/७६ | २०७६/७७ |
| **कारोवार सञ्चालनबाट नगद प्रवाह** | | | |
| ब्याज प्राप्ति | ९,१३९,९४२ | १०,३६५,८२० | ११०,८८,६४५ |
| शुल्क तथा अन्य आम्दानी | ९८२,८९९ | १,०३७,९११ | ७९०,३४५ |
| लाभांश प्राप्ति | - | - | - |
| अन्य कारोवार सञ्चालनबाट प्राप्ति | २९६,३०० | ३४०,६१० | १,०२५,४१९ |
| ब्याज भुक्तानी | (२,८४१,६६५) | (४,१८६,१५१) | (५९०८०२३) |
| कमिशन तथा शुल्क भुक्तानी | (७६,७५९) | (४६,११२) | (४३,९५७) |
| कर्मचारीहरुलाई नगद भुक्तानी | (२,८१५,८९५) | (१,८३३,५३२) | (२२,२४,८४६) |
| अन्य खर्च | (४६५,३७५) | (५६४,१०२) | (१,५४८,३११) |
| **सञ्चालन सम्पत्ति र दायित्वको परिवर्तन अघिको सञ्चालन नगद प्रवाह** | **४,२१९,४४७** | **५,११४,४४४** | **३,१७९,२७१** |
| **सञ्चालन सम्वन्धि चालु सम्पत्तिमा घट/(बढ)** | | | |
| नेपाल राष्ट्र बैंकबाट बाँकी रहेको मौज्दात | ७,१०४,८८४ | (३,८९४,६६६) | ४,०५३,०४४ |
| बैंक तथा वित्तीय संस्थाहरुमा रहेको मौज्दात | १०८,५२७ | (२,४६२,१८२) | (६८९,७७५) |
| अन्य व्यापारिक सम्पत्तिमा | - | - | - |
| बैंक तथा वित्तीय संस्थाहरुलाई दिइएको कर्जा तथा सापटीमा | (५७७,६८२) | (५६९,५०४) | (२१,७९०८) |
| ग्राहकलाई दिइएको कर्जा तथा सापटीमा | (४,३९७,१०१) | (१७,३३६,५३४) | (१०,४४३,९१९) |
| अन्य सम्पत्तिमा | (४,८९०,३९०) | (५,००३,५८६) | (४१४,९०२) |
| **सञ्चालन सम्बन्धी चालु दायित्वमा (घट)/बढ** | | | |
| बैंक तथा वित्तीय संस्थाहरुलाई दिनुपर्ने बाँकी रकम | ५५,२६७ | ७८३,८४५ | ३८,४३६९ |
| नेपाल राष्ट्र बैंकलाई दिनुपर्ने बाँकी रकम | २२,०३० | ७,३१८ | (१७,९२३) |
| ग्राहकको निक्षेप | ५,८३२,०९७ | १७,६६०,०६३ | २४,३२९,५९२ |
| ऋण सापटी | १०९,५०० | ८४०,५०० | ५०,००० |
| अन्य दायित्व | (२,४१३,७६२) | ६,९५२,६६९ | (७,१५२,३४३) |
| **आयकर अगाडिको सञ्चालन गतिविधिबाट खुद नगद प्रवाह** | **५,१७२,८१७** | **२,०९२,३६७** | **१३,०५९,५०७** |
| आयकर भुक्तानी | (१,३४०,०००) | (१,५४०,०००) | (१,४०९,८९७) |
| **कारोवार सञ्चालनबाट खुद नगद प्रवाह** | **३,८३२,८१७** | **५५२,३६७** | **११,६४९,६१०** |
| **लगानी कारोवारमा नगद प्रवाह** | | | |
| धितोपत्र खरिद | (३,८६२,६०८) | (५५०,७४५) | (१५,८६४,७४२) |
| धितोपत्र विक्रिबाट प्राप्ति | ४८१,४४३ | - | - |
| स्थिर सम्पत्तिको खरिद | (२१६,६१२) | (३२३,६७४) | (३२८,९४७) |
| स्थिर सम्पत्तिको बिक्रीबाट प्राप्ति | - | ५,०४२ | ११,१९० |
| अमूर्त सम्पत्तिको खरिद | (१,५३७) | (१७,५७७) | (२६,२६६) |
| अमूर्त सम्पत्तिको बिक्रीबाट प्राप्ति | - | - | - |
| लगानीमा सम्पत्तिको खरिद | - | (३३,३४७) | १०,२०१ |

| | | | |
|---|---|---|---|
| लगानीको समपत्तिको बिक्रीबाट प्राप्त | ४८,१७३ | ५३,७१६ | ७५,३७८ |
| ब्याज आम्दानी | – | – | – |
| लाभांश आम्दानी | ९,८३२ | ३,५०० | ३३,०९२ |
| **लगानी कारोवारमा खुद नगद प्रवाह** | **(३,५४१,३०९)** | **(८६३,०८५)** | **(१६,०९०,०९४)** |
| **वित्तीय श्रोत कारोवारबाट नगद प्रवाह** | | | |
| ऋणपत्र निष्काशनबाट प्राप्ति | – | – | – |
| ऋणपत्रको भुक्तानी | – | – | – |
| असुरक्षित दायित्वको निष्काशनबाट प्राप्ति | – | – | – |
| सुरक्षणमा नराखिएको दायित्वको भुक्तानी | – | – | – |
| शेयर निष्काशनबाट प्राप्ति | – | ४,९४८,८०५ | – |
| लाभांश खर्च | – | – | (९८१,११५) |
| ब्याज खर्च | – | – | – |
| अन्य प्राप्ति/खर्च | – | – | (२५,७२८) |
| **वित्तीय श्रोत कारोवारबाट खुद नगद प्रवाह** | **–** | **४,९४८,८०५** | **(१,००६,८४३)** |
| **नगद तथा नगद समानमा भएको खुद घट/बढ** | **२९१,५०८** | **४,६३८,०८७** | **(५,४४७,३२७)** |
| नगद तथा नगद समानमा रहेको शुरुवाती मौज्दात | ५,४८९,३७४ | ५,७८०,८८२ | १०,४१८,९६९ |
| नगद तथा नगद समानमा विनिमय दरमा भएको फरक | – | – | – |
| **नगद तथा नगद समानमा रहेको अन्तिम मौज्दात** | **५,७८०,८८२** | **१०,४१८,९६९** | **४,९७१,६४२** |

*नोटः NFRS अनुसार वित्तीय विवरण तयार पारिएको हुनाले नाफा नोक्सान बाँडफाँड हिसाब संलग्न नहुने ।*

**(ग) आर्थिक वर्ष समाप्त भएको ६ महिना पश्चात विवरणपत्र स्वीकृतिको लागि पेश गरेमा उक्त अन्तरिम अवधिको लागि लेखापरीक्षकबाट प्रमाणित गरेको अपरिष्कृत वित्तीय विवरण :**

### वासलात (आ.व. २०७७-७८ दोस्रो त्रैमास)

*रु हजारमा*

| | सम्पत्ति | पौष मसान्त २०७७ (अपरिष्कृत) |
|---|---|---|
| १ | नगद तथा नगद समान | ८,५८३,५९९ |
| २ | नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात तथा लिनु पर्ने वक्यौता | ११,४०५,४८७ |
| ३ | बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | ५,३४७,१५० |
| ४ | डेरिभेटिभ वित्तीय उपकरण | ७,८८१,४८४ |
| ५ | अन्य व्यापारिक सम्पत्तिहरु | – |
| ६ | बैंक तथा वित्तीय संस्थालाई दिएको कर्जा | ३,४६५,५१६ |
| ७ | ग्राहकलाई कर्जा तथा सापटी | ११६,६१०,६७१ |
| ८ | धितोपत्रमा लगानी | ३४,१४६,६९८ |
| ९ | चालु कर सम्पत्ति | १,५१८,४६७ |
| १० | सहायक कम्पनीमा लगानी | – |
| ११ | सम्बद्ध कम्पनीमा लगानी | – |
| १२ | सम्पत्तिमा लगानी | १०५,३९२ |
| १३ | सम्पत्ति तथा उपकरण | १२,०७७,२६० |
| १४ | गुडविल (ख्याती) र अमूर्त सम्पत्ति | ३६,५५८ |
| १५ | स्थगन कर सम्पत्ति | – |
| १६ | अन्य सम्पत्ति | ६,१२९,६५१ |
| | **कुल सम्पत्ति** | **२०७,३०७,९३३** |

| दायित्व | | |
|---|---|---|
| १ | बैंक तथा वित्तीय संस्थालाई तिर्न बाँकी | २,२६०,३५४ |
| २ | नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी | ५,६७४,८०४ |
| ३ | डेरिभेटिभ वित्तीय उपकरण | ७,४९३,९०२ |
| ४ | ग्राहकबाट निक्षेप दायित्व | १४८,९९४,८६९ |
| ५ | सापटी | - |
| ६ | चालु आयकर दायित्व | - |
| ७ | व्यवस्था | २३,४०५ |
| ८ | स्थगन कर दायित्व | ४,४६७,९३९ |
| ९ | अन्य दायित्व | ६,३९९,२४० |
| १० | जारी गरिएको ऋणपत्र | - |
| ११ | सुरक्षण नराखिएको आवधिक दायित्व | - |
| **कुल दायित्व** | | **१७५,३१४,५१३** |
| **पूँजी** | | |
| १ | शेयर पूँजी | १२,६३६,७५९ |
| २ | शेयर प्रिमियम | ४३५,९७७ |
| ३ | संचित मुनाफा | ३,३२७,२७८ |
| ४ | जगेडा कोषहरु | १५,५९३,४०७ |
| **कुल पूँजी** | | **३१,९९३,४२१** |
| **जम्मा दायित्व र पूँजी** | | **२०७,३०७,९३३** |

## नाफा-नोक्सान हिसाब (आ.व. २०७७-७८ दोस्रो त्रैमास)

*रु हजारमा*

| | विवरण | पौष मसान्त २०७७ (अपरिष्कृत) |
|---|---|---|
| १ | ब्याज आम्दानी | ५,७४३,२६२ |
| २ | ब्याज खर्च | २,७७१,८६३ |
| | **खुद ब्याज आम्दानी** | **२,९७१,३९९** |
| ३ | शुल्क तथा कमिशन आम्दानी | ३८३,९१४ |
| ४ | शुल्क तथा कमिशन खर्च | २६,९२० |
| | **खुद शुल्क र कमिशन आम्दानी** | **३५६,९९४** |
| | **खुद ब्याज, शुल्क र कमिशन आम्दानी** | **३,३२८,३९३** |
| ५ | खुद व्यापारिक आम्दानी | १९१,४८७ |
| ६ | अन्य संचालन आम्दानी | १२४,७०२ |
| | **जम्मा सञ्चालन आम्दानी** | **३,६४४,५८२** |
| ७ | कर्जा जोखिमको व्यवस्था/(फिर्ता) तथा अन्य नोक्सानी | (४५,१३७) |
| | **खुद सञ्चालन आम्दानी** | **३,६८९,७१९** |
| | **सञ्चालन खर्च** | |
| ८ | कर्मचारी खर्च | १,२३४,३९६ |
| ९ | अन्य संचालन खर्च | ३३४,२१३ |
| १० | ह्रास कट्टी र परिषोधन | ७४,८८७ |
| | **सञ्चालन मुनाफा** | **२,०४६,२२३** |
| ११ | गैर संचालन आम्दानी | २९,४४७ |
| १२ | गैर संचालन खर्च | - |
| | **आय कर अघिको मुनाफा** | **२,०७५,६७०** |

| | | |
|---|---|---|
| | आयकर खर्च | – |
| १३ | चालु कर | ५६३,५५४ |
| १४ | स्थगन कर खर्च/आम्दानी | १६१,६९३ |
| **यस अवधिको मुनाफा** | | **१,३५०,४२३** |

**(घ) आम्दानी र खर्च हिसावको कुनै शीर्षकमा ठूलो मात्रामा परिवर्तन भएमा त्यसको विश्लेषणात्मक कारण :**

सो नभएको ।

**(ङ) पछिल्लो वित्तीय विवरणको लेखापरीक्षण भए पश्चात संगठित संस्थाको कारोवार, नाफा नोक्सान, सम्पत्तिको मूल्य वा आगामी १२ महिनाको दायित्व भुक्तानीमा असर पर्ने गरी कुनै अवस्था सिर्जना भएको छ/छैन सो सम्बन्धमा सञ्चालकहरुको धारणा :**

सो नभएको ।

**(च) आर्थिक वर्ष समाप्त भएपछि विवरणपत्र पेश गरेमा, विवरणपत्र पेश गरेको मितिबाट स्वीकृति हुने मितिसम्ममा वासलातको मिति पछिको घटनाको वारेमा छुट्टै जानकारी :**

सो नभएको ।

**(छ) विगत ५ वर्षमा सम्पत्तिको पुनर्मूल्यांकन गरिएको छ/छैन, यदि गरिएको भए (अ) सम्पत्तिको विवरण, (आ) सम्पत्तिको पुनर्मूल्यांकन अघि र पछिको कितावी मूल्य, (इ) पुनर्मूल्यांकनको औचित्य :**

आ.व. २०७२/७३ मा घरजग्गा सम्पत्तिको पुनर्मूल्यांकन भई बैंकको आ.व. २०७४/७५ को वित्तीय विवरणमा प्रस्तुत गरिएको र सो को विवरण तपसिल बमोजिम रहेको छ ।

| | |
|---|---|
| *पुनर्मूल्यांकन अघिको मुल्य* | *रु. १,३८,३९,११३।००* |
| *पुनर्मूल्यांकन पछिको मुल्य* | *रु.११,१४,७३,५५,८१४।००* |
| ***फरक रकम*** | ***रु.११,१३,३५,१६,७०१।००*** |

घरजग्गाको बजार मुल्यमा धेरै परिवर्तन आएको र लागत मुल्यमा राखिएको रकमले बैंकको वास्तविक सम्पत्ति नदेखाउने भएकोले उल्लिखित वर्षमा कायम बजार मुल्यमा पुनर्मूल्यांकन गरिएको ।

**(ज) आगामी तिन वर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाबका साथै त्यसका गणनाको आधारहरु :**

बैंकले आफ्नो दीर्घकालीन रणनीति अनुसार वित्तीय विवरणहरु तयार गरेको हो । रणनीति बनाउँदा बैंकले सुक्ष्मरुपमा बजार र सम्भावित लक्ष्यहरुको अध्ययन गरेर बनाएको हो । बैंकको आगामी ३ आर्थिक वर्षको लागि प्रक्षेपित वित्तीय स्थिति देहाय बमोजिम रहेको छ ।

**वासलात**

*रु हजारमा*

| | **सम्पत्ति** | **२०७७/७८** | **२०७८/७९** | **२०७९/८०** |
|---|---|---|---|---|
| १ | नगद तथा नगद समान | ४,७३१,७७५ | ५,२९९,५८८ | ६,०९४,५२६ |
| २ | नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात तथा लिनु पर्ने बक्यौता | ५,५२०,४०४ | ६,१८२,८५३ | ७,११०,२८० |
| ३ | बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | ६,३००,९७४ | ६,४९०,००३ | ६,६८४,७०३ |
| ४ | डेरिभेटिभ वित्तीय उपकरण | ६,७८८,२०३ | ६,९९१,८४९ | ७,२०१,६०५ |
| ५ | अन्य व्यापारिक सम्पत्तिहरु | – | – | – |
| ६ | बैंक तथा वित्तीय संस्थालाई दिएको कर्जा | ४,२२५,४२६ | ४,९८६,००३ | ५,८८३,४८४ |
| ७ | ग्राहकलाई कर्जा तथा सापटी | १२३,९६४,५०३ | १४६,२७८,११३ | १७२,६०८,१७४ |
| ८ | धितोपत्रमा लगानी | ३७,४८५,५०७ | ४३,१०८,३३३ | ४९,५७४,५८३ |

| | | | | |
|---|---|---|---|---|
| ९ | चालु कर सम्पत्ति | १,५४९,३०५ | १,५१८,३१९ | १,५४८,६८५ |
| १० | सहायक कम्पनीमा लगानी | - | - | - |
| ११ | सम्बद्ध कम्पनीमा लगानी | - | - | - |
| १२ | सम्पत्तिमा लगानी | १०८,२६१ | १०९,३४४ | ११०,४३७ |
| १३ | सम्पत्ति तथा उपकरण | १२,५२५,२८७ | १३,०६४,८७४ | १३,२४८,१८६ |
| १४ | गुडविल (ख्याती) र अमूर्त सम्पत्ति | १५३,४५७ | २४४,६६१ | २२४,२२९ |
| १५ | स्थगन कर सम्पत्ति | - | - | - |
| १६ | अन्य सम्पत्ति | ७,१०२,७११ | ७,१७३,७३८ | ७,२४५,४७६ |
| **कुल सम्पत्ति** | | **२१०,४५५,८१३** | **२४१,४४७,६७८** | **२७७,५३४,३६८** |
| **दायित्व** | | **२०७७/७८** | **२०७८/७९** | **२०७९/८०** |
| १ | बैंक तथा वित्तीय संस्थालाई तिर्न बाँकी | २,०४२,४१२ | २,२८७,५०२ | २,६३०,६२७ |
| २ | नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी | २४,८७७ | २५,८७३ | २६,९०७ |
| ३ | डेरिभेटिभ वित्तीय उपकरण | ६,४२६,९९३ | ६,६१९,८०३ | ६,८१८,३९७ |
| ४ | ग्राहकको निक्षेप | १५५,६८३,४१९ | १७४,३६५,४२९ | २००,५२०,२४३ |
| ५ | सापटी | - | - | - |
| ६ | चालु कर दायित्व | - | - | - |
| ७ | व्यवस्था | ७३,८९१ | ९६,०५८ | ११५,२७० |
| ८ | स्थगन कर दायित्व | ३,८२५,७५८ | ३,८२५,७५८ | ३,८२५,७५८ |
| ९ | अन्य दायित्व | ६,५९८,५८१ | १५,३७१,८९९ | २१,२४०,८८१ |
| १० | जारी गरिएको ऋणपत्र | ३,५००,००० | ३,५००,००० | ३,५००,००० |
| ११ | सुरक्षण नराखिएको सहायक आवधिक दायित्व | - | - | - |
| **कुल दायित्व** | | **१७८,१७५,९३१** | **२०६,०९२,३२१** | **२३८,६७८,०८३** |
| **पूँजी** | | **२०७७/७८** | **२०७८/७९** | **२०७९/८०** |
| १ | शेयर पूँजी | १२,६३६,७५९ | १२,६३६,७५९ | १२,६३६,७५९ |
| २ | शेयर प्रिमियम | ४३५,९७६ | ४३५,९७६ | ४३५,९७६ |
| ३ | सञ्चित मुनाफा | ४,८११,५७० | ६,८८३,०६२ | ९,२९४,९१५ |
| ४ | जगेडा कोषहरु | १४,३९५,५७६ | १५,३९९,५६१ | १६,४८८,६३५ |
| **कुल पूँजी** | | **३२,२७९,८८१** | **३५,३५५,३५८** | **३८,८५६,२८५** |
| **जम्मा दायित्व र पूँजी** | | **२१०,४५५,८१३** | **२४१,४४७,६७८** | **२७७,५३४,३६८** |

## नाफा-नोक्सान हिसाब

*रु हजारमा*

| **विवरण** | | **२०७७/७८** | **२०७८/७९** | **२०७९/८०** |
|---|---|---|---|---|
| १ | ब्याज आम्दानी | १३,६३८,८४४ | १५,८४५,६९६ | १८,५९५,९१७ |
| २ | ब्याज खर्च | ७,४०४,१३८ | ८,४२३,५३५ | ९,६४२,४४० |
| | **खुद ब्याज आम्दानी** | **६,२३४,७०६** | **७,४२२,१६१** | **८,९५३,४७७** |
| ३ | शुल्क तथा कमिशन आम्दानी | ९०८,८९६ | १,०१७,९६४ | १,११९,७६० |
| ४ | शुल्क तथा कमिशन खर्च | ४८,३५२ | ५३,१८७ | ५८,५०६ |
| | **खुद शुल्क र कमिशन आम्दानी** | **८६०,५४४** | **९६४,७७७** | **१,०६१,२५४** |
| | **खुद ब्याज, शुल्क र कमिशन आम्दानी** | **७,०९५,२५०** | **८,३८६,९३८** | **१०,०१४,७३१** |
| ५ | खुद कारोबार आम्दानी | ४९५,०७१ | ५६९,३३१ | ६८३,१९८ |
| ६ | अन्य सञ्चालन आम्दानी | ४५३,२३२ | ५२१,२१६ | ५९९,३९९ |
| | **जम्मा सञ्चालन आम्दानी** | **८,०४३,५५३** | **९,४७७,४८५** | **११,२९७,३२८** |
| ७ | कर्जा जोखिमको व्यवस्था/(फिर्ता) तथा अन्य नोक्सानी | ७६९,१३९ | ९८३,२१७ | १,२४९,४४१ |
| | **खुद सञ्चालन आम्दानी** | **७,२७४,४१४** | **८,४९४,२६८** | **१०,०४७,८८७** |

| | | | | |
|---|---|---|---|---|
| | **सञ्चालन खर्च** | **३,८०९,६८४** | **४,५५२,३३८** | **५,५८८,४९२** |
| ८ | कर्मचारी खर्च | २,७८१,०५८ | ३,३३७,२६९ | ४,१७१,५८७ |
| ९ | अन्य सञ्चालन खर्च | ८३५,८४७ | ९६१,२२४ | १,१०५,४०८ |
| १० | ह्रास कट्टी र परिषोधन | १९२,७७९ | २५३,८४५ | ३११,४९७ |
| | **सञ्चालन मुनाफा** | **३,४६४,७३०** | **३,९४१,९३०** | **४,४५९,३९५** |
| ११ | गैर सञ्चालन आम्दानी | ३९२,७०२ | ४५१,६०८ | ५४१,९२९ |
| १२ | गैर सञ्चालन खर्च | – | – | – |
| | **आय कर अघिको मुनाफा** | **३,८५७,४३२** | **४,३९३,५३८** | **५,००१,३२४** |
| | **आयकर खर्च** | | | |
| १३ | चालु कर | १,१५७,२२९ | १,३१८,०६१ | १,५००,३९७ |
| १४ | स्थगन कर | – | – | – |
| | **यस अवधिको मुनाफा** | **२,७००,२०३** | **३,०७५,४७७** | **३,५००,९२७** |

### वित्तीय प्रक्षेपणका आधारहरु

| | **प्रक्षेपित** | | |
|---|---|---|---|
| **विवरण** | **२०७७/७८** | **२०७८/७९** | **२०७९/८०** |
| खुद नाफा/कर्जा तथा सापट (%) | २.११% | २.०३% | १.९६% |
| खुद नाफा/कुल सम्पत्ति (%) | १.२८% | १.२७% | १.२६% |
| कुल कर्जा/निक्षेप (%) | ८२.३४% | ८६.७५% | ८९.०१% |
| कुल सञ्चालन खर्च/कुल सम्पत्ति (%) | १.८१% | १.८९% | २.०१% |
| पूँजीकोषको अनुपात (CAR) % | १६.६८% | १६.६८% | १६.६८% |
| अनिवार्य मौज्दात अनुपात (CRR) % | ३.५०% | ३.५०% | ३.५०% |
| वैधानिक तरलता अनुपात (SLR) % | १८.६२% | १८.९५% | १८.९५% |
| कुल कर्जा/निक्षेप र पुंजी | ६७.४७% | ७१.३५% | ७३.७५% |
| प्रति शेयर आम्दानी | २१.३७ | २४.३४ | २७.७० |
| प्रति शेयर नेटवर्थ | २५५.४४ | २७९.७८ | ३०७.४९ |
| निक्षेप वृद्धि | १०% | १२% | १५% |
| अचल सम्पति वृद्धि | ४.३१% | ४.३१% | १.४०% |
| ऋणपत्रमा ब्याज | ८.५०% | ८.५०% | ८.५०% |
| सञ्चालन खर्चमा वृद्धि | २५% | १५% | १५% |
| कर्मचारी खर्चमा वृद्धि | २५% | २०% | २५% |

माथि उल्लेख गरिएबमोजिम तयार गरिएको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको वित्तीय बजारको स्थिति, निष्काशनकर्ता कम्पनीको विगतका वर्षहरुको कारोवारको वृद्धि, भावी योजनाहरु एवम् शाखा सञ्जाल विस्तार गर्ने रणनीति, हालको दक्षता र निष्काशनकर्ता कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने विशेषज्ञ पि.वाई.सी. एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेण्ट्सका पार्टनर, सिए श्री शिखा बाग्ला रहनु भएको छ । बैंकले कर्जा निक्षेप अनुपात, सञ्चालन खर्च वृद्धिदर, अनिवार्य नगद मौज्दात, वैधानिक तरलता अनुपात तथा पूँजीकोष अनुपातका साथै नेपाल राष्ट्र बैंकले तोकेको मापदण्ड अनुरुप कायम गरी वित्तीय विवरणको प्रक्षेपण गरेको हो ।

**ख. वित्तीय अनुपात सम्बन्धी विवरण :**

(अ) **संगठित संस्थाको सञ्चालन अवधि तिन वर्ष व्यतित भइसकेको अवस्थामा विगत तिन वर्षको र तिन वर्ष व्यतीत भइनसकेको अवस्थामा सञ्चालन अवधिको तथा आगामी तिन वर्षको प्रक्षेपित प्रति शेयर आम्दानी (EPS) प्रति शेयर नेटवर्थ तथा नेटवर्थमा औसत प्रतिफल निम्नानुसार छ ।**

| विवरण | वास्तविक | | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | ०७४/०७५ | ०७५/०७६ | ०७६/०७७ | पौष मसान्त २०७७ (अपरिष्कृत) | ०७७/०७८ | ०७८/७९ | ०७९/८० |
| प्रति शेयर आम्दानी रु. | ३९.९८ | २६.९९ | २०.६८ | २१.३७ | २१.३७ | २४.३४ | २७.७ |
| प्रति शेयर नेटवर्थ रु. | २८५ | २९८.४५ | २६६.१७ | २५३.१८ | २५५.४४ | २७९.७८ | ३०७.४९ |
| संचित नाफा/नोक्सान (रु. हजारमा) | (४३७,१९१) | २,८९५,६९३ | ३,१०२,७२१ | ३,३२७,२७८ | ४,८११,५७० | ६,८८३,०६२ | ९,२९४,९१५ |

| विवरण | वास्तविक (रु. हजारमा) | | | प्रक्षेपित (रु. हजारमा) | | |
|---|---|---|---|---|---|---|
| | ०७४/०७५ | ०७५/०७६ | ०७६/०७७ | ०७७/०७८ | ०७८/०७९ | ०७९/०८० |
| चुक्ता पुँजी | ८,०४२,६६२ | ९,८११,१४८ | ११,२८२,८२० | १२,६३६,७५९ | १२,६३६,७५९ | १२,६३६,७५९ |
| जगेडा तथा कोषहरु | १४,८७८,९८७ | १९,४७०,१८९ | १८,७४८,१७२ | १९,६४३,१२३ | २२,७१८,५९९ | २६,२१९,५२६ |
| **कुल** | **२२,९२१,६४९** | **२९,२८१,३३७** | **३०,०३०,९९२** | **३२,२७९,८८१** | **३५,३५५,३५८** | **३८,८५६,२८५** |
| घटाउने : अपलेखन गर्न बाँकी खर्च | - | - | - | - | - | - |
| **कुल नेटवर्थ** | **२२,९२१,६४९** | **२९,२८१,३३७** | **३०,०३०,९९२** | **३२,२७९,८८१** | **३५,३५५,३५८** | **३८,८५६,२८५** |
| शेयर संख्या (हजारमा) | ८०,४२७ | ९८,१११ | ११२,८२८ | १२६,३६८ | १२६,३६८ | १२६,३६८ |
| प्रति शेयर नेटवर्थ रु. | २८५.०० | २९८.४५ | २६६.१७ | २५५.४४ | २७९.७८ | ३०७.४९ |
| प्रति शेयर आम्दानी | ३९.९८ | २६.९९ | २०.६८ | २१.३७ | २४.३४ | २७.७० |
| नेटवर्थ औसत प्रतिफल | १४.०० | ८.८७ | ७.७७ | ८.३६ | ८.७० | ९.०१ |
| निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न वृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा । | | | | ऋणपत्र जारी पश्चात् यसले नेटवर्थमा प्रत्यक्ष वृद्धि नगर्ने | | |

**(आ) विगत तिन वर्षको नेटवर्थमा भएको औषत प्रतिफल : १०.२१%**

प्रक्षेपित वित्तीय विवरण कम्पनी आफैले NFRS बमोजिम तयार पारेको हो र सो वित्तीय विवरणहरु पि.वाई.सी. एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेण्ट्सबाट प्रमाणित भएको छ ।

**१०. धितोपत्र निष्काशन सम्बन्धी विवरण :**

**क. धितोपत्र जारी गर्नुको उद्देश्य :**

ऋणपत्र जारी गर्नुको मुख्य उद्देश्य बैंकको व्यवसाय विस्तार गर्न आवश्यक दीर्घकालीन पूँजी संकलन गर्नु र बैंकको पूरक पूँजीकोष (Supplementary Capital) वृद्धि गर्नु रहेको छ ।

**ख. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :**

**(अ) निष्काशनबाट प्राप्त हुने कुल रकमलाई प्रयोग गर्ने क्षेत्र सम्बन्धी विवरण :**

बैंकको विस्तार योजना अन्तर्गत हुने व्यवसायको वृद्धिको लागि आवश्यक हुने पूँजी वृद्धि गर्न ऋणपत्र जारी गरिएको छ । जसलाई निम्न अनुसार उपयोग गर्ने बैंकको योजना रहेको छ ।

| क्र.सं. | विवरण | प्रतिशत | रकम रु. |
|---|---|---|---|
| १ | कर्जा तथा सापट | ८० | २,८००,०००,००० |
| २ | तरलता तथा व्यवसाय विस्तार | २० | ७००,०००,००० |
| | **जम्मा** | **१००** | **३,५००,०००,०००** |

**(आ) सार्वजनिक निष्काशन गरिने धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा सार्वजनिक निष्काशनको उद्देश्य प्राप्ति गर्नको लागि अपनाइने वैकल्पिक व्यवस्था :**

सार्वजनिक निष्काशन गरिने धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा सार्वजनिक निष्काशनको उद्देश्य प्राप्ति गर्नको लागि व्यक्तिगत तवरबाट बिक्री गरिनेछ ।

**(इ) आयोजनाको सञ्चालन स्थान, आयोजना चरणबद्ध रुपमा कार्यान्वयन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भैसकेको भए सो सम्बन्धी विवरण :**

सो नभएको ।

**(ई) आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यवसायिक उत्पादन शुरु हुने अनुमानित मिति :**

सो नभएको ।

**(उ) संगठित संस्थाले कुनै उपकरण खरिद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मूल्य वा प्रस्तावित मूल्य, सप्लायर्सको नाम र सप्लायर्ससँग सम्झौता भएको भए सो को मूख्य मूख्य बूँदाहरु :**

सो नभएको ।

**(ऊ) कुनै पार्टीसँग प्रतिलिपी अधिकार, ट्रेडमार्क, इजाजतपत्र, रोयल्टी, सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम, ठेगाना सम्बन्धी विस्तृत विवरण :**

सो नभएको ।

**(ए) उत्पादन सम्बन्धी आयोजना भए, सो को प्रकृति, प्रयोगकर्ता, प्रतिस्पर्धा, लक्षित समूह, उत्पादन क्षमता, विगत वर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरण :**

सो नभएको ।

**(ऐ) आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलब्धता र त्यसको श्रोत :**

सो नभएको ।

**(ओ) आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोत :**

सो नभएको ।

**(औ) सार्वजनिक निष्काशनका लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लिखित पक्षहरुलाई दिने शुल्क सम्बन्धी विवरण:**

**(१) निष्काशन तथा बिक्री प्रबन्धक :**

यस विवरणपत्र मार्फत सार्वजनिक रुपले सर्वसाधारणमा बिक्री गरिने ऋणपत्रको निष्काशन तथा बिक्री प्रबन्धक सम्बन्धी कार्यका लागि नियुक्त श्री नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, काठमाडौंलाई उक्त सेवा प्रदान गरे वापत एकमुष्ठ रु.१,००,०००/- (अक्षेरुपी एक लाख रुपैंयाँ मात्र) सेवा शुल्कको रुपमा दिइनेछ।

**(२) ट्रष्टी (ऋणपत्र निष्काशनको हकमा) :**

डिबेन्चर ट्रष्टीको सेवा प्रदान गरे वापत श्री नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, काठमाडौंलाई वार्षिक रु.१०,०००/- (अक्षेरुपी दश हजार रुपैंयाँ मात्र) सेवा शुल्कको रुपमा दिइनेछ । प्रथम वर्षको लागि सो शुल्क बापतको रकम छुट गरिएको छ ।

**(३) क्रेडिट रेटिङ शुल्क**

ICRA NEPAL LIMITED लाई ऋणपत्र निष्कासनको लागि क्रेडिट रेटिङ सेवा प्रदान गरे बापत भ्याट सहित एकमुष्ठ रु.१२,१४,७५०/–(अक्षेरुपी बाह्र लाख चौध हजार सात सय पचास रुपैंयाँ मात्र) र प्रत्येक वर्ष ऋणपत्र अवधि सम्मका लागि वार्षिक सेवा शुल्कको रुपमा बक्यौता रु.५,०८,५००/– (अक्षेरुपी पाँच लाख आठ हजार पाँच सय मात्र) दरले दिइनेछ ।

**(४) प्रत्याभूतिकर्ता :**

सो नभएको।

**(५) विज्ञहरु :**

यस विवरणपत्रमा उल्लेख गरिएको वित्तीय विवरण तयार पार्ने नेपाल बैंक लिमिटेड आफैं रहेको छ र यस विवरणपत्रमा उल्लेख गरिए बमोजिम तयार गरिएको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी सो आधारमा तयार वित्तीय प्रक्षेपणका विवरण यथार्थ परक रहेको भनी प्रमाणित गर्ने विशेषज्ञमा पि. वाई. सी. एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेण्ट्सका पार्टनर शिखा बाग्ला रहनु भएको छ । उक्त सेवा प्रदान गरेवापत पि. वाई. सी. एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेण्ट्सलाई रु.५०,००० सेवा शुल्कको रुपमा दिइएको छ ।

(६) **लेखापरीक्षक :**

आ.व. २०७६/७७ मा यस बैंकको लेखापरीक्षण एम. तीवारी एण्ड एसोसिएट्स चार्टर्ड एकाउन्टेन्ट्सका प्रोप्राईटर सि.ए. मुरलीधर तिवारी, पि. वाई. सी. एण्ड एसोसिएटस चार्टर्ड एकाउन्टेन्ट्सका पार्टनर शिखा बाग्ला र जोशी एण्ड भण्डारी चार्टर्ड एकाउन्टेन्ट्सका पार्टनर सि.ए. ज्ञानेन्द्र सुवेदीले गर्नुभएकोमा प्रत्येकलाई रु.६,२५,०००/- (अक्षरेपी छ लाख पच्चिस हजार मात्र) का दरले (भ्याट बाहेक) पारिश्रमिक दिने गरी तिन जनाको जम्मा रु.१८,७५,०००/- (अक्षरेपी अठार लाख पचहत्तर हजार मात्र) (भ्याट बाहेक) सेवा शुल्कको रुपमा दिइएको छ ।

(७) **अन्य :** सो नभएको ।

**ग सार्वजनिक निष्काशनबाट प्राप्त रकमलाई परियोजनामा प्रयोग गर्न पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत् सम्बन्धी विवरण :**

सो नभएको ।

**घ प्रिमियममा धितोपत्र जारी गर्ने भएमा प्रिमियम थप्नु पर्ने कारण र औचित्य :**

प्रिमियम थप नगरिएको ।

**ङ धितोपत्रको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्था :**

**(अ) अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रकृया,**

यस विवरणपत्र मार्फत जारी गरिएको ऋणपत्र जारी संख्या भन्दा बढी संख्यामा ऋणपत्र खरिदको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार ऋणपत्रहरु बाँडफाँड गरिनेछ र ऋणपत्र बाँडफाँड सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ । यदि निष्काशन गरिएको ऋणपत्रको संख्या भन्दा कम ऋणपत्र खरिदको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित व्यवस्था तथा निर्देशन बमोजिम सञ्चालक समितिले निर्णय गरी बिक्री वितरण तथा बाँडफाँड गरिनेछ ।

**(आ) अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था :**

"धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३" अनुरुप सि-आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट मात्र आवेदन दिन सक्नेछ र आवेदकहरुको सम्वन्धित बैंक तथा वित्तीय संस्थाले नै बाँडफाँडमा नपर्ने लगानीकर्ताको धितोपत्र खरिदको आवेदन बमोजिम रोक्का राखेको खाताको रकम मात्र रोक्का फुकुवा गरिदिनेछ ।

**(इ) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदर :**

उपरोक्त व्यवस्था सि-आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट आवेदन दिने आवेदकहरुको हकमा लागु हुने छैन । तर व्यक्तिगत तवर (Private Placement) बाट आवदेन गर्ने आवेदकहरुलाई निजले आवेदन गरेको रकममा नगद बुझाएको सन्दर्भमा नगद जम्मा भएको मिति तथा चेकको सन्दर्भमा क्लियरिङ भई नगद जम्मा भएको दिन देखि ऋणपत्रको बाँडफाँड हुने दिनसम्मको अवधिका लागि बैंकले प्रचलित बचतको अधिकतम ब्याजदरले हिसाब गरी ब्याज दिनेछ र सो ब्याज वापतको रकम बैंकले ऋणपत्रवालाहरुको डिम्याट खातामा उल्लेख गरेको बैंक खातामा वा ऋणपत्रवालाले तोकेको बैंक खातामा भुक्तानी गर्नेछ ।

**(ई) धितोपत्र बाँडफाँड तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधि :**

निष्काशन गरिने ऋणपत्र प्रचलित धितोपत्र निष्काशन निर्देशिका, तथा प्रचलित शेयर बाँडफाँड सम्बन्धी व्यवस्था अनुसार ऋणपत्रको बाँडफाँड गरी तोकिएको समयावधि भित्र डिम्याट खातामा जम्मा गरिनेछ ।

(उ) **धितोपत्र सूचीकरण भईसकेको भए, त्यस्तो धितोपत्र सूचीकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्रको कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धी विवरण :**

बैंकको हाल कायम रहेको ११,२८,२८,२०२ कित्ता साधारण शेयर नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकरण रहेको छ । यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएपश्चात नियमानुसार सूचीकरण गरिने छ ।

**(ऊ) धितोपत्र सूचीकरण भईनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्र प्रचलित ऐन नियम अनुसार सहज खरिद, बिक्री वा विनिमय हुन सक्ने गराउनका लागि गरिने व्यवस्था सम्बन्धी विवरण :**

यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ सम्बन्धी व्यवस्था अनुसार ऋणपत्रको बाँडफाँड गरे पश्चात नेपाल स्टक एक्सचेन्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा प्रचिलित व्यवस्था अनुसार सूचीकरण तथा दर्ता गराई ऋणपत्र खरिद तथा राफसाफको लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

**च. प्रत्याभूति सम्बन्धी विवरण :**

**(अ) धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम**

सो नभएको ।

**(आ) धितोपत्र प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मुख्य मुख्य बुँदाहरु**

सो नभएको ।

**छ. आवेदन दिँदा ध्यान दिनुपर्ने कुराहरु :**

**सर्वसाधारणको हकमा :**

**(अ) धितोपत्रवालाको अधिकार तथा प्रतिवन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण :**

धितोपत्रवालाको अधिकार तथा प्रतिवन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, धितोपत्रवालाको अधिकारमा परिवर्तन नगर्न प्रकृया तथा धितोपत्र खारेजी आदि सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ/गरिनेछ ।

साथै यस विवरणपत्र अनुसार निष्काशन गरिएको ऋणपत्र खरिदको लागि आवेदन गरी ऋणपत्र बाँडफाँड भए पश्चात् कायम ऋणपत्रधनीहरुले कम्पनीको साधारण सभामा भाग लिन र मतदान गर्न पाउने छैनन् ।

**(आ) नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सकिने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सकिने हो सो सम्बन्धी विवरण :**

१. बैंकको प्रबन्धपत्र तथा नियमावली रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला, धर्मपथ, काठमाण्डौमा र यस निष्काशन कार्यका लागि नियुक्त धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क राखी प्राप्त गर्न सकिने छ ।

२. प्रत्येक आवेदकले कम्तीमा २५ कित्ता र अधिकत्तम ३,००,००० कित्ता ऋणपत्र खरिदका लागि आवेदन दिनुपर्नेछ । न्यूनतम कित्ता भन्दा बढि कित्ताका लागि आवेदन गर्न चाहेमा १ अङ्कले भागजाने संख्यामा अधिकतम ३,००,००० कित्ताको सिमा भित्र आवेदन गर्न सकिनेछ ।

३. यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र खरिदका लागि दरखास्त दिँदा दरखास्तवालाले दरखास्त साथ आफूले खरिद गर्न चाहेको ऋणपत्र संख्याको प्रति ऋणपत्र वापत रु. १,०००/-का दरले हुन आउने एकमुष्ट रकम यस निष्काशनको लागि तोकिएको सि-आस्बा (C - ASBA) सदस्य रहेको बैंक तथा वित्तीय संस्थामा जम्मा गरी आवेदन दिन सक्नेछन् ।

**(इ) आवेदन दिँदा पालन गर्नुपर्ने शर्त बन्देजहरु :**

१. कुनै पनि नेपाली नागरिक तथा संगठित संस्थाले यस विवरणपत्र अनुसार जारी गरिने ऋणपत्र खरिद गर्न आवेदन दिन सक्नेछन् ।

२. दरखास्त दिँदा सि-आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्था मार्फत आवेदन फारम बुझाउनु पर्नेछ र सोही संस्थाबाट उपलब्ध गराईने आवेदन फारममा उल्लिखित सम्पूर्ण विवरणहरु स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । सो सम्बन्धी अन्य प्रकृया तथा शुल्क सम्बन्धी व्यवस्था सम्वन्धित सि-आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाले आफ्नो कार्यालयको सूचना पाटी, वेबसाईट वा राष्ट्रियस्तरको दैनिक पत्रपत्रिकामा प्रकाशित गरी तोकेबमोजिम हुनेछ ।

३. आवेदकहरुले आवेदन दिँदा आस्बा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्कृय रहेको हुनुहुँदैन ।

४. एक व्यक्तिले आफूले खरिद गर्न चाहेको ऋणपत्रको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा निजका सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ ।

५. रितपूर्वक प्राप्त नभएको दरखास्त फारमलाई ऋणपत्र बाँडफाँडमा समावेश गरिने छैन र सोको जिम्मेवार दरखास्तवाला स्वयं हुनेछ ।

६. धितोपत्र खरिदको लागि दरखास्त दिँदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरिद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा विक्री प्रबन्धकले त्यस्तो दरखास्त फारमलाई रद्द गर्ने हुँदा सो कुराको जानकारी आवेदक स्वयंले बुझ्नु पर्नेछ ।

७. रु.५,००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढि रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनुपर्नेछ । यस अतिरिक्त रु.५,००,०००/- वा सोभन्दा बढि रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।

**व्यक्तिगत तवर (Private Placement) को हकमाः**

**(अ) निष्काशन गरिने ऋणपत्र संख्या**

दश वर्ष अवधि तथा वार्षिक ८.५० प्रतिशत ब्याजदर भएको प्रति डिबेन्चर रु. १,०००/– अंकित मूल्यका २१ लाख कित्ता ऋणपत्रले हुन आउने कुल रु. २ अर्ब १० करोड ऋणपूँजी रकम विभिन्न व्यक्ति वा संघ संस्थाहरुलाई व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिने ।

**(आ) लिनुपर्ने न्यूनतम ऋणपत्र संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकमः**

यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र खरिदका लागि दरखास्त दिँदा दरखास्तवालाले कम्तीमा २५ र सोभन्दा बढिका लागि आवेदन गर्न चाहेमा १ अङ्कले भागजाने संख्यामा दरखास्तसाथ आफूले खरिद गर्न चाहेको ऋणपत्र संख्याको प्रति ऋणपत्र वापत रु. १,०००/–का दरले हुन आउने एकमुष्ट रकम यस निष्काशनको लागि यस बैंकको सम्पूर्ण शाखा कार्यालयहरु तथा बिक्री प्रबन्धक श्री नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेडमा जम्मा गरी आवेदन दिन सक्नेछन् ।

**(इ) ऋणपत्र बिक्री खुल्ला अवधि :**

यस निष्काशन व्यक्तिगत तवरबाट गरिने भएकोले धितोपत्र बोर्डबाट स्वीकृति पश्चात खुल्ला हुनेछ र सार्वजनिक निष्काशन संगै बन्द हुनेछ ।

**(ई) ऋणपत्र खरिदका लागि पूर्ण आवेदन प्राप्त नभई बाँकी रहन गएका ऋणपत्रहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्थाः**

ऋणपत्र खरिद खुल्ला अवधिमा सम्पूर्ण ऋणपत्र बिक्री नभई बाँकी रहन गएमा त्यसरी बाँकी रहन गएका ऋणपत्रहरुको सर्वसाधारण समूहबाट खरिद गर्ने व्यवस्था गरिनेछ ।

**(उ) ऋणपत्र खरिद गर्न चाहने आवेदकहरुले पालना गर्नुपर्ने मुख्य कुराहरु :**

१. कुनै पनि नेपाली नागरिक तथा संघ संस्थाले यस विवरणपत्र अनुसार जारी गरिने ऋणपत्र खरिद गर्न आवेदन दिन सक्नेछन् । आवेदकले आफूले लिन चाहेको ऋणपत्र, अधिकतम सिमा खुल्ने गरी यस बैंकको बिक्री प्रबन्धकलाई लिखित रुपमा निवेदन पेश गर्नुपर्ने छ ।

२. आवेदन दिँदा आफूले खरिद गर्न चाहेको ऋणपत्र संख्या र त्यसको रकम खुलाई आवेदन दिनुपर्नेछ ।

३. आवेदन फारम नेपाली वा अंग्रेजी कुनै एक भाषामा पेश गर्नुपर्नेछ ।

४. आवेदकले आवेदनसाथ आफूले खरिद गर्न चाहेको ऋणपत्र संख्याको प्रति ऋणपत्र रु. १,०००/– को दरले हुन आउने रकम बराबरको नबिल इन्भेष्टमेन्ट बैकिङ्ग लिमिटेडको नाममा खिचिएको एकाउण्ट पेयी चेक संलग्न गरेको हुनुपर्नेछ । यसरी चेक मार्फत रकम बुझाउनु हुने आवेदकहरुले आवेदनमा सो चेकको नम्बर र चेकको पछाडि आवेदकको नाम अनिवार्य रुपमा खुलाउनु पर्नेछ । यसको अलावा, आवेदकले नबिल इन्भेष्टमेन्ट बैकिङ्ग लिमिटेडको नाममा A/C Transfer गरी Credit Advice निवेदनको साथमा संलग्न पनि गर्न सक्नेछ ।

५. कम्पनी वा संस्थाले ऋणपत्रका लागि आवेदन दिँदा कम्पनी वा संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपि र लगानी गर्ने सम्बन्धमा सञ्चालक समितिको निर्णय समावेश गरेको हुनुपर्नेछ ।

६. रु.५,००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढि रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनुपर्नेछ । यस

अतिरिक्त रु.५,००,०००/- वा सोभन्दा बढि रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ।

**११. सम्बन्धित पक्ष बिचको कारोबार सम्बन्धी विवरण :**

कम्पनी र निम्न लिखित पक्ष बिच विगत २ वर्षको अवधिमा कुनै प्रकारको वस्तुगत कारोबार भएको वा कुनै कारोबार गर्न प्रस्ताव गरिएको भए कारोबारमा संलग्न व्यक्तिहरुको नाम, तिनीहरुको संस्थासँगको सम्बन्ध, कारोवारको प्रकृति र रकम सम्बन्धी विवरण:

(क) **संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालकको रुपमा रहेको व्यक्ति :**
कारोवार नभएको।

(ख) **आधारभूत शेयरधनी :**
कारोवार नभएको।

(ग) **खण्ड (क) र (ख) मा उल्लिखित कुनै व्यक्तिको एकाघर परिवारको सदस्य :**
कारोवार नभएको।

(घ) **संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था :**
कारोवार नभएको।

(ङ) **संगठित संस्थाको वा यसको सहायक कम्पनीले हालको सञ्चालक वा निजको एकाघर परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ वर्ष अगाडिको अवधिमा वित्तीय संस्थाको सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको भए सो कुरा :**
कारोवार नभएको।

(च) **कुनै सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण बापत लिएको रकम, ऋणको ब्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदिको विवरण :**
कारोवार नभएको।

**१२. विदेशी लगानी र व्यवस्थापन सम्बन्धी विवरण :**

सो नभएको।

**१३. सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा सो सम्बन्धी विवरण :**

**(क) संगठित संस्थाको विगत ३ आ.व.को प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्यूनतम र अन्तिम बजार मूल्यका साथै कारोबार भएको शेयर संख्या :**

| विवरण | न्यूनतम मूल्य | अधिकत्तम मूल्य | अन्तिम मूल्य | कारोबार भएको शेयर संख्या |
|---|---|---|---|---|
| चौथो त्रैमास २०७६/७७ | २१४ | २६० | २४९ | ६९५,९१८ |
| तेस्रो त्रैमास २०७६/७७ | २४५ | ३२४ | २५१ | ७,२९८,१४१ |
| दोस्रो त्रैमास २०७६/७७ | २६२ | ३३२ | २७७ | ३,९२०,९७६ |
| पहिलो त्रैमास २०७६/७७ | ३०७ | ३५५ | ३४५ | ३,०९९,२०९ |
| चौथो त्रैमास २०७५/७६ | २९१ | ३५४ | ३३६ | ११,६०९,५८२ |
| तेस्रो त्रैमास २०७५/७६ | २८१ | ३०६ | २९७ | २,५६३,८९८ |
| दोस्रो त्रैमास २०७५/७६ | २८८ | ३१८ | २९७ | ८,०३१,३५७ |
| पहिलो त्रैमास २०७५/७६ | २८० | ३४० | ३११ | २,४५४,६३७ |
| चौथो त्रैमास २०७४/७५ | २८० | ३७५ | २८१ | २,४२१,६१४ |

| | | | | |
|---|---|---|---|---|
| तेस्रा त्रैमास २०७४/७५ | २८५ | ३६९ | ३२१ | २,१९५,५४८ |
| दोस्रो त्रैमास २०७४/७५ | ३३१ | ३८४ | ३५२ | १,९७८,७८२ |
| पहिलो त्रैमास २०७४/७५ | ३३४ | ३९३ | ३५० | १,९६१,३०३ |

नोट : शेयरको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मूल्यसूची मार्फत् जानकारी लिन सकिनेछ।

**(ख) धितोपत्र बोर्डमा विवरणपत्र दर्ताका लागि प्रस्तुत गर्नुभन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोबार भएको कुल दिन र कुल कारोबार भएको धितोपत्रको संख्या :**

| विवरण | न्यूनतम मूल्य | अधिकतम मूल्य | अन्तिम मूल्य | कारोबार भएको धितोपत्रको संख्या | कारोबार भएको कुल दिन |
|---|---|---|---|---|---|
| फागुन २०७७ | ३८५ | ४९१ | ४४८ | १,१३,७७,१०२ | १८ |
| माघ २०७७ | ३५० | ४०८ | ३८७ | ७६,३४,०९० | २० |
| पौष २०७७ | ३३१ | ४१८ | ३६६ | ५८,३३,५५७ | २१ |
| मंसिर २०७७ | ३३८ | ४२७ | ४१७ | ९१,१०,४२६ | २० |
| कार्तिक २०७७ | ३२० | ३५६ | ३४३ | २७,५२,७२७ | १७ |
| असोज २०७७ | ३०७ | ३५१ | ३२४ | ५४,७३,१५४ | २१ |
| भाद्र २०७७ | २७६ | ३१८ | ३०८ | ४२,७१,६३९ | २२ |
| श्रावण २०७७ | २४४ | ३०१ | २८५ | २४,८१,२३९ | २१ |
| आषाढ २०७७ | २१४ | २६३ | २४९ | ६,९३,९९८ | १३ |

नोट : शेयरको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मूल्यसूची मार्फत् जानकारी लिन सकिनेछ।

### १४. पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण :

यस बैंकले यसभन्दा अगाडि मिति २०७५/०३/१५ मा साधारण शेयरको थप सार्वजनिक निष्काशन (Further Public Offering) गरेको थियो । उक्त विवरणमा उल्लेख भए बमोजिम उद्देश्य प्राप्तिका लागि बैंकले आफ्नो कार्य गरिरहेको र आ.व. २०७६/७७ को प्रक्षेपित वित्तीय विवरण र हाल लेखापरीक्षण पछिको वित्तीय विवरणको तुलनात्मक विवरण देहाय बमोजिम रहेको छ।

**वासलात**

*रु. हजारमा*

| पूँजी तथा दायित्व | आर्थिक वर्ष २०७६/७७ | | फरक प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| | वास्तविक | प्रक्षेपित | (%) | |
| १. शेयर पूँजी | ११,२८२,८२० | ९,८११,१४८ | १५.००% | १५% बोनश शेयर जारी गरेकोले । |
| २. जगेडा तथा कोषहरु | १८,७४८,१७१ | १६,७८६,१४७ | ११.६९% | एनएफआरएस लागू भएपछि अचल सम्पत्ति Fair Value मा लेखाङ्कन गरेकोले । |
| ३. डिबेन्चर तथा बन्ड | - | - | | |
| ४. तिर्न बाँकि कर्जा सापट | १,000,000 | - | | सरकारी चेकको भुक्तानीको लागि वर्षान्तमा अन्तरबैंक सापटी लिएकोले । |
| ५. निक्षेप दायित्व | १४१,५३०,३८१ | ११६,२१३,४५४ | २१.७८% | ने.रा.बैंकको नयाँ निर्देशनानुसार स्थानीय तहको खातामा भएको ५० प्रतिशत रकमलाई निक्षेप गणना गर्न पाउने नयाँ व्यवस्था भएकोले । |
| ६. भुक्तानी दिनुपर्ने विलहरु | - | - | | |

| | | | | |
|---|---|---|---|---|
| ७. प्रस्तावित नगद लाभाँश | - | - | | |
| ८. आयकर दायित्व | | - | | |
| ९. अन्य दायित्व | १,८६०१,४४५ | १०,८४६,०६० | ७१.५०% | बर्षको अन्तिम दिनमा भएको क्लियरिङ चेकको हिसाब मिलान बाँकी रहेकोले । |
| **कुल पूँजी तथा दायित्व** | **१९१,१६२,८१७** | **१५३,६५६,८०८** | २४.४१% | |
| **सम्पत्ति** | - | - | | |
| १. नगद मौज्दात | ४,९७१,६४२ | २३,२४२,६९१ | -७८.६१% | प्रक्षेपण गर्दा नगद तथा बैंक मौज्दातलाई एउटै शिर्षकमा समावेश गरेकोले । |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ६,१२५,२७७ | - | | प्रक्षेपण गर्दा नगद तथा बैंक मौज्दातलाई एउटै शिर्षकमा समावेश गरेकोले । |
| ३. बैंक र वित्तीय संस्थामा रहेको मौज्दात | ६,११७,४५० | - | | प्रक्षेपण गर्दा नगद तथा बैंक मौज्दातलाई एउटै शिर्षकमा समावेश गरेकोले । |
| ४. माग तथा अल्प सूचनामा प्राप्तहुने रकम | - | १५३,६०० | -१००.००% | प्रक्षेपण गर्दा नगद तथा बैंक मौज्दातलाई एउटै शिर्षकमा समावेश गरेकोले । |
| ५. लगानी | ३२,५९६,०९३ | १३,३२८,०३४ | १४४.५७% | लगानी बढाएको र एनएफआरएस लागू भएपछि लगानीलाई Fair Value मा लेखाङ्कन गरेकोले । |
| ६. कर्जा सापट तथा विल खरिद | १०६८२४९४१ | १०५,२२६,९९६ | १.५२% | व्यवसाय विस्तार भएकोले । |
| ७. स्थिर सम्पत्ति | १२,०४७,७७४ | १,५९८,८२७ | ६५३.५४% | बैंकको भौतिक अवस्थाको सुधारको लागि भवन निर्माण/मर्मत तथा काउण्टर पार्टिशन गरेको र एनएफआरएस लागू भएपछि Fair Value मा लेखाङ्कन गरेकोले । |
| ८. गैर बैकिङ्ग सम्पत्ति | - | - | | |
| ९. अन्य सम्पत्ति | २२,४७९,६४० | १०,१०६,६६१ | १२२.४२% | एनएफआरएस अनुसार प्राप्त हुन बाँकी आम्दानी, स्थगत गरिएको कर्मचारी खर्चको लेखाङ्कन गरेको र अन्तरशाखा कारोवारको बाँकी रकम बढेकोले । |
| **कुल सम्पत्ति** | **१९१,१६२,८१७** | **१५३,६५६,८०८** | **२४.४१%** | |

## नाफा नोक्सान हिसाव

*रु. हजारमा*

| विवरण | आर्थिक वर्ष २०७६/७७ | | फरक प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| | वास्तविक | प्रक्षेपित | (%) | |
| १. ब्याज आम्दानी | ११,५२६,८४२ | ११,६६५,०१३ | -१.१८% | बजार अनुसार ब्याजदर घटाएकोले । |
| २. ब्याज खर्च | ५,९०८,०२३ | ३,२६६,४२० | ८०.८७% | बैंकिङ्ग क्षेत्रमा प्रतिस्पर्धा बढेकोमा निक्षेप आकर्षण गर्न र नेराबैंकको निर्देशन बमोजिम ब्याजदर अन्तर कम गर्न ब्याजदर बढाएकोले । |
| **खुद ब्याज आम्दानी** | **५,६१८,८१९** | **८,३९८,५९३** | **-३३.१०%** | **ब्याज खर्च बढेकोले** |
| ३. कमिशन तथा डिस्काउन्ट | ७४६,३८८ | ८६८,७९३ | -१४.०९% | सरकारले सरकारी कारोबार बापतको कमिशन हटाएको र बैंकले अन्य कमिशन दरमा कटौती गरेकोले । |
| ४. अन्य संचालन आम्दानी | ३९४,११५ | ४७१,०९७ | -१६.३४% | कर्जा बाहेक अन्य कारोवारमा कम प्रतिफल प्राप्त भएकोले । |
| ५. सटही घटवढ | ४१२,५५९ | १८०,६८२ | १२८.३३% | विदेशी विनिमय कारोवार वृद्धि भएकोले । |

| | | | | |
|---|---|---|---|---|
| आम्दानी | | | | |
| **कूल सञ्चालन आम्दानी** | **७,१७१,८८१** | **९,९१९,१६५** | **-२७.७०%** | |
| ६.कर्मचारी खर्च | २,२२४,८४६ | ३,२४४,८४७ | -३१.४३% | अतिरिक्त समय भुक्तानी, कर्मचारी बोनस आदिमा कमी भएकोले । |
| ७.अन्य सञ्चालन खर्च | ८१९,४८० | १,०८५,२७७ | -२४.४९% | कार्यसञ्चालन तथा अन्य विविध खर्चमा कटौती भएकोले । |
| ८.सटही घटवढ नोक्सान | - | - | | |
| **सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा** | **४,१२७,५५५** | **५,५८९,०४१** | **-२६.१५%** | |
| ९.सम्भावित नोक्सानी व्यवस्थाहरु | ८७९,६३४ | ५१९,९६६ | ६९.१७% | ने.रा.बैंक निर्देशन तथा एनएफआरएस अनुसार नोक्सानी व्यवस्था खर्च बढेकोले । |
| **सञ्चालन मुनाफा** | **३,२४७,९२१** | **५,०६९,०७६** | **-३५.९३%** | |
| १०.गैर सञ्चालन आम्दानी र नोक्सान | ३२७,२५२ | १०,७२७ | २९५०.७३% | अपलेखित कर्जा असुली भएकोले । |
| ११.सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | - | २३३,९८५ | | माथि उल्लिखित संभावित नोक्सानी व्यवस्थामा समावेश भएकाले । |
| **नियमित कारोबारबाट भएको मुनाफा** | **३,५७५,१७३** | **५,३१३,७८८** | **-३२.७२%** | |
| १२.असामान्य कारोबारहरुबाट भएको मुनाफा र खर्च | - | १६८,६६३ | | गैर-सञ्चालन आम्दानीमा समावेश भएकोले । |
| **सम्पूर्ण कारोबार समावेश पछिको खुद मुनाफा** | **३,५७५,१७३** | **५,४८२,४५१** | -३४.७९% | |
| १३. कर्मचारी बोनस व्यवस्था | - | ४०६,१०७ | | कर्मचारी खर्चमा समावेश भएकाले । |
| १४. आयकर व्यवस्था | १,२४२,२८४ | १,५२२,९०३ | -१८.४३% | आयकर ऐन बमोजिम कर व्यवस्था गर्नपरेको । |
| यस वर्षको कर व्यवस्था | ८२०,४७२ | - | | आयकर ऐन बमोजिम कर व्यवस्था गर्नपरेको । |
| यस वर्षको स्थगन कर आम्दानी र खर्च | ४२१,८१२ | - | | आयकर ऐन बमोजिम कर व्यवस्था गर्नपरेको । |
| विगत वर्षसम्मको कर व्यवस्था | - | - | | |
| **खुद नाफा/ (नोक्सान)** | **२,३३२,८८९** | **३,५५३,४४०** | **-३४.३५%** | |

**१५. परामर्शदाता/विशेषज्ञ सम्बन्धी विवरण :**

**(क) लेखापरीक्षक/ प्रमुख बैंक, निष्काशन कार्यसंग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना**

- **लेखापरीक्षक :**
  कम्पनी को आ.व. २०७६/७७ को आम्दानी खर्च हिसाब तथा वासलातको लेखापरीक्षण एम. तीवारी एण्ड एसोसिएटस चार्टर्ड एकाउन्टेन्ट्सका सि.ए. मुरलीधर तिवारी, पि. वाई. सी. एण्ड एसोसिएटस चार्टर्ड एकाउन्टेन्ट्सका पार्टनर सि.ए. शिखा बाग्ला र जोशी एण्ड भण्डारी चार्टर्ड एकाउन्टेन्ट्सका सि.ए. ज्ञानेन्द्र सुवेदीले गर्नुभएको छ । उक्त आर्थिक वर्षको लेखापरीक्षकको प्रतिवेदन यस विवरणपत्र साथ संलग्न गरिएको छ ।
- **निष्काशन बैंक (Bankers to the Issue) :**
  यस विवरणपत्र मार्फत निष्काशित ऋणपत्रहरुको लागि निष्काशन बैंक (Banker to the Issue) को रुपमा नेपाल बैक लिमिटेडलाई तोकिएको छ ।
- **वित्तीय प्रक्षेपणको विवरण तयार पार्ने विज्ञ :**
  यस विवरणपत्रमा उल्लेख गरिएको वित्तीय विवरण तयार पार्ने विज्ञमा निष्काशन कम्पनी आफैं रहेको छ ।
- **वित्तीय प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञः**
  यस विवरणपत्रमा उल्लेख गरिए बमोजिम तयार गरिएको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु

पुनरावलोकन गरी सो आधारमा तयार गरिएका वित्तीय प्रक्षेपणका विवरण यथार्थपरक रहेको भनी प्रमाणित गर्ने विशेषज्ञमा पि. वाई. सी. एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेण्ट्सका पार्टनर सि.ए. शिखा बाग्ला रहनु भएको छ ।

**(ख) माथि खण्ड (क)मा उल्लिखित संस्था वा व्यक्तिसँग भएको सहमतिका मुख्य मुख्य बूँदा तथा शर्तहरु :**

- **लेखापरीक्षक :**
  लेखापरीक्षकले बैंकको आ.व. २०७६/७७ को लेखापरीक्षण गरी प्रतिवेदन पेश गर्ने ।
- **निष्काशन बैंक (Bankers to the Issue):**
  फिर्ता भुक्तानी गर्दा कुनै प्रकारको झन्झट नहोस भन्ने समेत उद्देश्यले निष्काशित ऋणपत्रमा लगानीकर्ताहरुबाट प्राप्त लगानी रकम निष्काशन बैंक (Bankers to the Issue) मा खोलिएको ऋणपत्र खातामा जम्मा गरी सो को संयुक्त सुरक्षण निष्काशन कम्पनी तथा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको रहनेछ ।

**१६. परियोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण :**

सो नभएको ।

**१७. मुद्दा तथा विवाद सम्बन्धी विवरण :**

**(क) संगठित संस्थाको तरलता, मौज्दात, कार्य सञ्चालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणा :**

सो नभएको ।

**(ख) संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/सञ्चालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण :**

सो नभएको ।

**(ग) विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/सञ्चालक कालोसूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संस्थापक/सञ्चालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम सम्बन्धी विवरण :**

सो नभएको ।

**(घ) संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरण :**

सो नभएको ।

**१८. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :**

निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाण्डौंमा श्री रवि बोम्जनलाई ०१४४११६०४ मा सर्म्पक गर्न सकिन्छ ।

**१९. नगद नलिई कसैलाई धितोपत्र निष्काशन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरिद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्काशन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरण :**

सो नभएको ।

**२०. ऋणपत्र निष्काशन सम्बन्धी विवरण :**

**(क)** यस विवरण-पत्रमार्फत निष्काशन गर्न लागिएको "८.५०% नेपाल बैंक ऋणपत्र २०८७" सम्बन्धी विवरण देहाय बमोजिम रहेको छः

**(अ) ऋणपत्र निष्काशनको शर्त, बन्देजहरु :**

ऋणपत्र निष्काशन सम्बन्धी शर्त र बन्देज यस विवरणपत्रको बुँदा नम्बर १०(छ) मा छ ।

**(आ) ऋणपत्रको अवधि (Maturity Period) :**

यस ऋणपत्रको अवधि ऋणपत्रको बाँडफाँड भएको दिनबाट १० (दश) वर्षको हुनेछ । सो अवधि पश्चात कम्पनीले यस ऋणपत्रको साँवा र अन्तिम किस्ताको तिर्न बाँकी ब्याज रकम एकमुष्ट भुक्तानी गर्नेछ ।

**(इ) निष्काशन गरिने ऋणपत्रको रकम :**

दश वर्ष अवधि तथा वार्षिक ८.५०% ब्याजदर भएको प्रति ऋणपत्र रु.१,०००/– अंकित मूल्यका १४ लाख ऋणपत्रले हुन आउने कुल रु. १ अर्ब ४० करोड ऋणपूँजी रकम (५% अर्थात ७०,००० कित्ता सामुहिक लगानी कोषका लागि छुट्ट्याईएको समेत) सर्वसाधारण नेपालीको लागि, सार्वजनिक निष्काशनबाट बिक्री गरिने तथा २१

लाख कित्ता ऋणपत्रले हुन आउने कुल रु. २ अर्ब १० करोड ऋणपूँजी रकम विभिन्न व्यक्ति वा संघ संस्थाहरुलाई व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिने ।

**(ई) ऋणपत्र साधारण शेयरमा परिवर्तन हुने वा नहुने :**

यस विवरणपत्र अनुसार निष्काशन गरिने ऋणपत्र १० (दश) वर्षको अवधि पश्चात एकमुष्ट रुपमा फिर्ता गरिने भएकाले उक्त ऋणपत्र साधारण शेयरमा परिणत नहुने ।

**(उ) ऋणपत्रको ब्याजदर (Coupon Interest Rate) र ब्याज भुक्तानी गर्ने अवधि/समय (Interest Payment Period):**

यस ऋणपत्रको वार्षिक ब्याजदर ८.५०% हुनेछ । यस ऋणपत्रमा आर्जित ब्याज रकममा आयकर ऐन अनुसार कर लाग्नेछ । ऋणपत्रमा आर्जित ब्याज रकम ऋणपत्र बाहकहरुलाई प्रत्येक आर्थिक वर्षको प्रथम अर्धवार्षिक (पौष मसान्त) र दोश्रो अर्धवार्षिक (आषाढ मसान्त) समाप्त भएपश्चात भुक्तानी दिइनेछ । बैंकको कारणले ब्याज भुक्तानीको विषयमा भएको व्यवस्थाको पालना नभए बैंकलाई थप आर्थिक दायित्व लागू हुन सक्नेछ । तर बन्द, हडताल, कफर्यु, लगायत कुनै पनि किसिमका दैवी प्रकोपका कारणले बैंकले भुक्तानी दिन नसकेमा बैंकको जिमेवारी हुनेछैन । बैंकले यस ऋणपत्रबाट आर्जित ब्याज रकम ऋणपत्रवालाहरुको डिम्याट खातामा उल्लेख गरेको बैंक खातामा वा ऋणपत्रवालाले तोकेको बैंक खातामा भुक्तानी गर्नेछ ।

*नोटः यस ऋणपत्र खरिद गर्नको लागि व्यक्तिगत तवर (Private Placement) अन्तर्गत आवदेन गर्ने आवेदकलाई निजले आवेदन गरेको रकममा नगद बुझाएको सन्दर्भमा नगद जम्मा भएको मिति तथा चेकको सन्दर्भमा क्लियरिङ भई नगद जम्मा भएको दिनदेखि ऋणपत्रको बाँडफाँड हुने दिनसम्मको अवधिका लागि बैंकले ऋणपत्र सार्वजनिक बिक्रीको लागि आह्वान गर्ने दिनमा कायम रहेको प्रचलित बचतको उच्चतम ब्याजदरले हिसाब गरी ब्याज दिनेछ ।*

**(ऊ) ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserves) सम्बन्धी व्यवस्था :**

बैंकले ऋणपत्रलाई निर्धारित १० वर्षको समयावधिमा फिर्ता भुक्तानी गर्नका लागि "ऋणपत्र भुक्तानी जगेडा कोष" (Debenture Redemption Reserve) को व्यवस्था गर्नेछ । ऋणपत्र निष्काशन भएको दोश्रो वर्षदेखि ९ बर्षसम्म नाफानोक्सान बाँडफाँड खाताबाट वार्षिक रु.३८,८८,८८,८८९/- को दरले हुने रकम ऋणपत्र भुक्तानी जगेडा कोषमा रकमान्तर गर्नेछ । बैंकले कुनै आर्थिक बर्षमा चाहेअनुरुप नाफा आर्जन गर्न नसकेमा समेत सो कोषमा रकमान्तर गर्नुपर्ने रकम संचित मुनाफाबाट छुट्ट्याउनेछ ।

**(ए) ऋणपत्रवालाहरुको अधिकार :**

यस विवरणपत्र मार्फत निष्काशन हुने ऋणपत्र खरिद गर्ने ऋणपत्रवालाहरुलाई कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानून बमोजिम ऋणपत्रवालालाई प्राप्त हुने सम्पूर्ण हक, सुविधा प्राप्त हुनेछ । तर त्यस्ता ऋणपत्रवालाहरुलाई साधारण सभामा उपस्थित हुने तथा मतदान गर्ने अधिकार हुने छैन ।

**(ख) संगठित संस्थाको सम्पत्तिमा ऋणपत्रवालाको हक सम्बन्धी विवरण :**

यस विवरणपत्र मार्फत निष्काशन हुने ऋणपत्र बैंकको सम्पत्ति सुरक्षण नराखी निष्काशन गरिएको असुरक्षित ऋण (Unsecured Debt) भएको र कथंकदाचित बैंक टाटपल्टिएमा अन्य सुरक्षित साहू र निक्षेपकर्ता भन्दा पछि मात्र भुक्तानीमा प्राथमिकता हुने गरी निष्काशन गरिएको सहायक ऋण (Subordinated Debt) भएको हुँदा प्रचलित कानूनले प्रदान गरेको बाहेक कम्पनीको सम्पत्तिमा ऋणपत्रवालाको कुनै निर्दिष्ट हक (Specific Charge), अधिकार हुने छैन । यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्रधनीको बैंकको सम्पत्तिमा द्वितीय हक हुनेछ । बैंकको सम्पत्तिमा निक्षेपकर्ताको प्रथम हक लाग्नेछ । बैंकको सम्पत्ति मध्ये प्रथम हकवालाको रकम २०७७ पौष मसान्तमा रु. १.४८ खर्ब रहेको छ ।

**(ग) ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाको नाम, ठेगाना तथा कम्पनी र ट्रष्टीबीच भएको सम्झौता (Trustee Deed) का प्रमुख बुँदाहरु :**

ऋणपत्र निष्काशन गर्दा ट्रष्टी नियुक्त गर्नु पर्ने व्यवस्था अनुरुप मिति २०७६/०७/२९ मा सम्झैता भई निम्नानुसार ऋणपत्र ट्रष्टीको व्यवस्था गरिएको छ ।

**(अ) ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाको नाम तथा ठेगाना :**

ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थामा नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धकको प्रमाण–पत्र प्राप्त धितोपत्र व्यवसायी श्री नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाडौं रहेको छ ।

**(आ) ऋणपत्र ट्रष्टी भए बापत लिने सेवा शुल्क :**

यस विवरणपत्र मार्फत सर्वसाधारणमा तथा व्यक्तिगत तवरबाट विभिन्न व्यक्ति वा संघ संस्थाहरुलाई बिक्री गरिने ऋणपत्रको ट्रष्टीको रुपमा नियुक्त श्री नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड काठमाडौंलाई निजले उक्त सेवा प्रदान गरे बापत वार्षिक रु. १०,०००/- (अक्षेरुपी दश हजार रुपैंयाँ मात्र) रकम ट्रष्टी सेवा उपलब्ध गराएको समयावधिका लागि सेवा शुल्कको रुपमा दिइनेछ। प्रथम वर्षको लागि बैंकलाई ट्रष्टी शुल्क वापतको रकम छुट गरिएको छ।

**(इ) ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले तोकेको सम्पर्क व्यक्तिको नाम तथा पद योग्यता तथा अनुभव :**

ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले उक्त कम्पनीको मर्चेन्ट बैंकिङ्ग विभागमा श्री सुमेश बहादुर पाण्डेलाई सम्पर्क व्यक्तिको रुपमा तोकेको छ। श्री पाण्डेको एम.बि.एस. सम्मको शैक्षिक योग्यता र करिब ३ बर्ष भन्दा बढिको वित्तीय क्षेत्रको कार्यानुभव हासिल गर्नु भएको छ।

**(ई) ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले सम्बन्धित पक्षको गुनासो सुन्ने र समाधान गर्ने सम्बन्धमा गरेको व्यवस्थाः**

ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले सम्बन्धित पक्षको गुनासो सुन्ने र सो को समाधान गर्ने सम्बन्धमा तोकिएको सम्पर्क व्यक्ति मार्फत वा ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाको कार्यालय मार्फत आवश्यक व्यवस्था गरेको छ। साथै गुनासाहरु लिखित रुपमा ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थामा जम्मा गराउनु पर्नेछ।

**(उ) ऋणपत्र निष्काशन गर्ने बैंक र ऋणपत्रवालाहरुको हित संरक्षण गर्न ट्रष्टीको रुपमा काम गर्ने ऋणपत्र ट्रष्टी बिच कम्पनी ऐन, २०६३ बमोजिम सम्झौता भएको कुरा :**

ऋणपत्र निष्काशन गर्ने कम्पनी र ऋणपत्रवालाहरुको हित संरक्षण गर्न ट्रष्टीको रुपमा काम गर्ने ऋणपत्र ट्रष्टी बिच कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था अनुरुप सम्झौता गरिएको छ।

**(ऊ) ऋणपत्र ट्रष्टीको अधिकार र दायित्व, ऋणपत्र ट्रष्टीले जाँचबुझ गर्न र विवरण माग गर्न सक्ने, ऋणपत्र ट्रष्टीलाई ऋणपत्रवालाहरुको अधिकार हुने आदि व्यवस्थाहरु कम्पनी ऐन, २०६३ अनुरुप भएको कुरा :**

ऋणपत्र ट्रष्टीको अधिकार र दायित्व, ऋणपत्र ट्रष्टीले जाँचबुझ गर्न र विवरण माग गर्न सक्ने, ऋणपत्र ट्रष्टीलाई ऋणपत्रवालाहरुको अधिकार हुने आदि व्यवस्थाहरु कम्पनी ऐन, २०६३ अनुरुप गरिएको छ।

**(ए) ऋणपत्र ट्रष्टी र बैंक बिच भएको सम्झौताको प्रति नेपाल धितोपत्र बोर्डमा दर्ता गरिएको कुरा :**

ऋणपत्र ट्रष्टी र कम्पनी बिच भएको सम्झौताको प्रति नेपाल धितोपत्र बोर्डमा दर्ता गरिएको छ।

**(ऐ) ऋणपत्र ट्रष्टी र बैंक बिच भएको सम्झौता तथा अन्य आवश्यक व्यवस्थाहरु ऋणपत्रवालाले हेर्न वा जान्न चाहेमा सो उपलब्ध गराउने सम्बन्धमा गरिएको व्यवस्था :**

ऋणपत्र ट्रष्टी र कम्पनी बिच भएको सम्झौता तथा अन्य आवश्यक व्यवस्थाहरु ऋणपत्रवालाले हेर्न वा जान्न चाहेमा ऋणपत्र ट्रष्टी वा कम्पनीको रजिष्टर्ड कार्यालयमा वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको रजिष्टर्ड कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राखी हेर्न वा जान्न सकिने व्यवस्था गरिएको छ। ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थामा नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धकको प्रमाण–पत्र प्राप्त धितोपत्र व्यवसायी, श्री नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाडौं रहेको छ।

**(ओ) अन्य :**

- ऋणपत्र ट्रष्टीले ऋणपत्रवालाहरुको हित संरक्षण गर्ने।
- कम्पनीले ऋणपत्र ट्रष्टीलाई आफ्नो वित्तीय कारोवारको परिष्कृत आर्थिक विवरण आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र अनिवार्य रुपमा पठाउनु पर्ने।
- ऋणपत्र ट्रष्टीले कम्पनीले स्थापना गरेको ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserve) को अनुगमन गर्ने।
- कम्पनीले पुनः अर्को ऋणपत्र निष्काशन गर्नु परेमा ऋणपत्र ट्रष्टीको पूर्व स्वीकृति लिनु पर्ने।

**(घ) परिवर्तनशील ऋणपत्र जारी गरिने भएमा ऋणपत्रको परिवर्तन अनुपात, मूल्य, प्रिमियम तथा परिवर्तन मिति, मताधिकारको व्यवस्था :**

सो नभएको।

**(ङ) ऋणपत्र जारी गर्नुको उद्देश्य तथा सम्पन्न हुने कार्य योजना :**

ऋणपत्र जारी गर्नुको मुख्य उद्देश्य बैंकको व्यवसाय विस्तार गर्न आवश्यक दीर्घकालीन पूँजी संकलन गर्नु र बैंकको पूरक पुँजीकोष (Supplementary Capital) वृद्धि गर्नु रहेको छ ।

**(च) जारी पूँजी चुक्ता भए/नभएको :**

जारी पूँजी सम्पूर्ण चुक्ता भएको ।

**(छ) यस भन्दा अगाडि जारी भएको ऋणपत्रको बिवरण**

सो नभएको ।

**(ज) नेपाल राष्ट्र बैंकले ऋणपत्र जारी गर्नका लागि दिएको शर्तहरु**

नेपाल राष्ट्र बैंकले ऋणपत्र जारी गर्नका लागि दिएका शर्तहरु निम्नानुसार रहेका छन् ।

१) प्रस्तावित "८.५०% नेपाल बैंक ऋणपत्र-२०८७" कुनै पनि सुरक्षण नराखी निष्काशन गर्नुपर्ने ।

२) "८.५०% नेपाल बैंक ऋणपत्र-२०८७" को अवधि १० बर्षको हुने ।

३) प्रस्तावित ऋणपत्रमा प्रदान गरिने ब्याज अर्धबार्षिकरुपले ६/६ महिनामा साउन १ र माघ १ गते भुक्तानी गर्नुपर्ने, प्रस्ताव गरेबमोजिम ऋणपत्रको वार्षिक ब्याजदर ८.५०% हुनुपर्ने र आर्जित ब्याज रकममा आयकर ऐन अनुसार आयकर लाग्ने व्यवस्था गर्नुपर्ने ।

४) बैंक विघटन भएको अवस्थामा ऋणपत्रको भुक्तानी निक्षेपकर्ता भन्दा पछि मात्र हुने ।

५) ऋणपत्र जारी भएको मितिले बढिमा ६ महिना भित्रमा नेपाल स्टक एक्सचेञ्च लिमिटेडमा सूचीकृत गर्नुपर्ने ।

६) नेपाल बैंक लिमिटेड बाहेक अन्य बैंक तथा वित्तीय संस्थाबाट उक्त ऋणपत्र धितो राखी ऋण लिन सकिने व्यवस्था गर्नु पर्ने ।

७) ऋणपत्र निष्काशन गर्नु अघि विवरणपत्र यस बैंकमा दर्ता गरी प्रकाशन गर्नुपर्ने ।

८) ऋणपत्रको रकम भुक्तानी गर्ने प्रयोजनको लागि भुक्तानी कोष (Redemption Reserve) को व्यवस्था गर्न बैंकको वार्षिक मुनाफाबाट ऋणपत्र निष्काशन भएको वर्ष र अन्तिम बर्ष बाहेक अन्य प्रत्येक बर्ष बराबर रुपमा नाफा/नोक्सान हिसाबबाट रकम छुट्टयाई कुल रु.३ अर्ब ५० करोड बराबरको रकम उक्त कोषमा जम्मा हुने व्यवस्था गर्नुपर्ने । साथै, नाफा नभएको अवस्थामा मुनाफाबाट छुट्टयाउनुपर्ने रकम कुन कोषबाट व्यवस्था गर्ने हो सो स्पष्ट रुपमा विवरणपत्रमा उल्लेख हुनुपर्ने ।

९) यदि कुनै पक्षले सो पक्षलाई छुट्याएको ऋणपत्र खरिद नगरेमा सो ऋणपत्र अर्को पक्षलाई खरिद गर्ने व्यवस्था गर्नुपर्ने ।

१०) ऋणपत्र भुक्तानी गरेपछि भुक्तानी कोषमा बाँकी रहेको रकमलाई पूँजी समायोजन कोषमा रकमान्तर गर्नुपर्ने ।

११) ऋणपत्र आवेदकलाई निजले आवेदन गरेको मितिदेखि बाँडफाँड हुने दिनसम्मको अवधिका लागि प्रचलित बचतको उच्चतम ब्याजदरले खण्डित अवधिको ब्याज (Broken Period Interest) प्रदान गर्नुपर्ने र सो विषयमा विवरणपत्रमा स्पष्ट उल्लेख गर्नु पर्ने ।

१२) Private Placement को आधारमा बिक्री गरिने ऋणपत्रको सम्बन्धमा कुनै संघ संस्थासँग अग्रिम कुनै सम्झौता भएको भए सो सम्झौताको प्रमाणित प्रतिलिपि यस बैंकमा पेश गर्नुपर्ने ।

**(झ) अन्य :**

- यो ऋणपत्र नेपाल बैंक लिमिटेड बाहेक अन्य बैंक वा वित्तीय संस्थामा धितो राखी ऋण लिन सकिनेछ ।
- ऋणपत्रको ब्याज भुक्तानी गर्ने स्थान : बैंकले यस ऋणपत्रबाट आर्जित ब्याज रकम ऋणपत्रवालाहरुको डिम्याट खातामा उल्लेख भएको बैंक खातामा वा ऋणपत्रवालाले तोकिएको खातामा भुक्तानी गर्नेछ ।
- निष्काशित ऋणपत्र खरिद गर्ने ऋणपत्र बाहकलाई कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानून बमोजिम प्राप्तहुने सम्पूर्ण हक, सुविधा प्राप्त हुनेछ । तर साधारण सभामा उपस्थित हुने तथा मतदान गर्ने अधिकार भने रहने छैन ।
- यस ऋणपत्रलाई साधारण शेयरमा परिवर्तन गर्ने वा Cumulate गर्ने विशेषता नरहेको ।
- निष्काशित जम्मा रु. ३,५०,००,००,०००/-(रु. तिन अर्ब पचास करोड मात्र) ऋणपत्र मध्ये रु. २,१०,००,००,०००/-(रु दुई अर्ब दश करोड मात्र) बरावरको ऋणपत्र व्यक्तिगत तवरबाट र रु. १,४०,००,००,०००/-(रु. एक अर्ब चालिस करोड मात्र) बराबरको ऋणपत्र सर्वसाधारणमा निष्काशन गरिनेछ । एउटा समूहको ऋणपत्रको लागि निष्काशन अवधिभित्र पूर्ण रुपमा माग नआएको खण्डमा सो समूहको ऋणपत्र अर्को समूहमा हस्तान्तरण हुने प्रावधान रहेको छ ।
- कथंकदाचित बैंक टाटपल्टेमा यस विवरणपत्र मार्फत् निष्काशित ऋणपत्रको भुक्तानी निक्षेपकर्ताहरु भन्दा पछाडि मात्र हुनेछ ।
- यस ऋणपत्रमा आवदेन गर्ने आवेदकलाई निजले आवेदन गरेको रकममा नगद बुझाएको सन्दर्भमा नगद जम्मा भएको मिति तथा चेकको सन्दर्भमा क्लियरिङ भई नगद जम्मा भएको दिन देखि ऋणपत्रको बाँडफाँड हुने दिनसम्मको अवधिका लागि बैंकले ऋणपत्र सार्वजनिक बिक्रीको लागि आह्वान गर्ने दिनमा कायम रहेको प्रचलित बचतको उच्चतम ब्याजदरले हिसाब गरी ब्याज दिनेछ ।

२१. **अग्राधिकार शेयर निष्काशन सम्बन्धी विवरण :**
सो नभएको ।

२२. **अन्य सामान्य जानकारी :**

**(क) विशेषज्ञको कुनै राय भएमा, सो को विवरण:**
यस विवरणपत्रमा उल्लेख गरिए बमोजिम तयार गरिएको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी सो आधारमा तयार वित्तीय प्रक्षेपणका विवरण यर्थाथपरक रहेको छ । यस वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गर्ने विशेषज्ञमा पि. वाई. सी. एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेण्ट्स रहनु भएको छ ।

**(ख) गत तिन आर्थिक वर्ष भित्रमा कुनै सञ्चालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारण:**

| क्र.सं. | नाम | कैफियत | आर्थिक वर्ष |
|---|---|---|---|
| १ | श्री राम शरण पुडासैनी | नेपाल सरकारको निर्णय अनुसार परिवर्तन भएको | २०७४/७५ |
| २ | श्री सुरेन्द्र बहादुर सिंह | कार्यकाल समाप्त भएको | २०७५/७६ |
| ३ | श्री जनार्दन शर्मा आचार्य | कार्यकाल समाप्त भएको | २०७५/७६ |
| ४ | श्री बासुदेव अधिकारी | नेपाल सरकारको निर्णय अनुसार परिवर्तन भएको | २०७५/७६ |
| ५ | डा. डम्बर बहादुर भण्डारी | कार्यकाल समाप्त भएको | २०७५/७६ |
| ६ | श्री भरत राज वस्ती | कार्यकाल समाप्त भएको | २०७५/७६ |
| ७ | श्री हरिशरण पुडासैनी | नेपाल सरकारको निर्णय अनुसार परिवर्तन भएको | २०७५/७६ |
| ८ | डा. उमाकान्त सिलवाल | कार्यकाल समाप्त भएको | २०७६/७७ |
| ९ | श्री हरिशरण पुडासैनी | नेपाल सरकारको निर्णय अनुसार परिवर्तन भएको | २०७६/७७ |
| १० | श्री तुलसी राम सेढाईं | नेपाल सरकारको निर्णय अनुसार परिवर्तन भएको | २०७६/७७ |
| ११ | डा. राम प्रसाद घिमिरे | नेपाल सरकारको निर्णय अनुसार परिवर्तन भएको | २०७६/७७ |
| १२ | श्री गंगा प्रसाद ज्ञवाली | नेपाल सरकारको निर्णय अनुसार परिवर्तन भएको | २०७५/७६ |
| १३ | डा. सावित्री रञ्जित श्रेष्ठ | नेपाल सरकारको निर्णय अनुसार परिवर्तन भएको | २०७६/७७ |
| १४ | श्री ओम कृष्ण श्रेष्ठ | नेपाल सरकारको निर्णय अनुसार परिवर्तन भएको | २०७६/७७ |
| १५ | श्री केदार प्रसाद पनेरु | नेपाल सरकारको निर्णय अनुसार परिवर्तन भएको | २०७६/७७ |

आ.व. २०७४/७५, २०७५/७६ र २०७६/७७ को लेखापरिक्षकमा सि.ए. मुरलीधर तिवारी, सि.ए. युद्धराज ओली र सि.ए. ज्ञानेन्द्र सुबेदी नियुक्त भएकोमा आ.व. २०७६/७७ को लागि अन्य दुवै जना लेखापरीक्षकहरु यथावत राखी सि.ए. युद्धराज ओलीले राजीनामा दिनु भएपछि निजको स्थानमा सि.ए. शिखा बाग्लालाई नियुक्त गरिएको हो । महालेखापरिक्षकको परामर्शमा सञ्चालक समितिको निर्णयले उपरोक्त परिवर्तन भएको हो ।

**(ग) कम्पनी सचिवको नाम, ठेगाना र योग्यता :**
झापा जिल्ला गौरीगञ्ज गाउँपालिका वडा नं. २, कोरोबारी निवासी एम.बि.ए. शैक्षिक योग्यता हासिल गरी, बैंकिङ्ग क्षेत्रमा करिब १६ वर्ष भन्दा बढिको कार्य अनुभव भएका श्री केशव प्रसाद भण्डारी यस बैंकको कम्पनी सचिवको रुपमा कार्यरत रहनुभएको छ ।

**(घ) सार्वजनिक निष्काशन गर्नका लागि सञ्चालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण :**

कम्पनीको सञ्चालक समितिको मिति २०७७/०७/२० मा सम्पन्न बैठकको निर्णयबमोजिम कम्पनीले व्यवसाय विस्तारको लागि आवश्यक दीर्घकालीन श्रोत परिचालन गर्न र बैंकको पूरक पूँजीकोष (Supplementary Capital) वृद्धि गर्न सर्वसाधारणको निम्ति कुनै पनि सुरक्षण नराखी “८.५०% नेपाल बैंक ऋणपत्र २०८७” निष्काशन गर्न लागेको हो ।

**(ङ) संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरण :**
सो नभएको ।

**(च) संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय :**

कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ ।

१. कम्पनीको कर्पोरेट कार्यालय–धर्मपथ, काठमाण्डौं ।

२. धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाडौं स्थित कार्यालय ।

**(छ) ऋणपत्र, कर्मचारी वा अरु कसैको लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :**

यस विवरणपत्रद्वारा निष्काशन गरिएको प्रति ऋणपत्र रु. १,०००।– अङ्कित मूल्य (Par Value) का सर्वसाधारणलाई बिक्री गरिने कुल १४,००,००० कित्ता ऋणपत्र संख्याको ५% अर्थात ७०,००० कित्ता ऋणपत्रहरु सामूहिक लगानी कोषको निम्ति छुट्याएर सुरक्षित राखिएको छ । यसरी छुट्याइएको ऋणपत्र सामूहिक लगानी कोष नियमावली, २०६७ वमोजिम बाँडफाँड गरिनेछ ।

**(ज) वित्तीय संस्थाले कम्पनी ऐनले गरेको व्यवस्थाहरु, आफ्नो कारोवारसंग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण :**

कम्पनीले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरु, आफूले गर्ने व्यवसायसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही निर्देशनहरुको दायरा भित्र रही कार्य गरिरहेको र यस विवरणपत्रमा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो भन्ने कम्पनीको उद्घोषण रहेको छ । बैंकको कुनै पनि सञ्चालकहरु कालोसूचीमा नरहेको साथै योग्य रहेको कम्पनीको उद्घोषण रहेको छ ।

**(झ) धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्था :**

यस विवरणपत्र मार्फत सार्वजनिक निष्काशन गर्न लागिएको ऋणपत्रको बिक्री वितरणका लागि सि-आस्बा (C-ASBA) सदस्य रहेको सम्पूर्ण बैंक तथा वित्तीय संस्था मार्फत आवेदन दिन सक्नेछन् ।

**(ञ) विवरणपत्र तयार गर्ने व्यक्तिको नाम, थर, शैक्षिक योग्यता र अनुभवको विवरण :**

यस विवरणपत्र तयार पार्ने व्यावसायिक संस्थामा निष्काशन तथा बिक्री प्रबन्धक - श्री नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाण्डौं रहेको छ ।

**(ट) सकारात्मक पक्षहरु :**

- नेपाल सरकार तथा निजीक्षेत्रको संयुक्त लगानीमा स्थापना तथा सञ्चालन गरिएको कम्पनी ।
- ग्राहक सुहाउँदो आकर्षक सेवा तथा कार्यक्रम साथै संगठित संस्थाको परिकल्पना अनुरुप स्थानीय स्तरमा सरल, सुलभ र सहज ढंगले आधुनिक तथा प्रविधियुक्त बैंकिङ्ग प्रणालीको विकास गर्न सकेको ।
- आर्थिक, राजनीतिक र प्रतिस्पर्धी बैंकिङ्ग व्यवसाय सुहांउदो रणनीति अवलम्वन गरी व्यवसाय विस्तार गर्न सफल रहेको ।

**(ठ) धितोपत्र बिक्री खुल्ला अवधि :**

यस विवरणपत्र मार्फत निष्काशन गरिएको ऋणपत्रको लागि आवेदन दिने अवधि कम्तीमा ४ कार्य दिन तथा अधिकतम १५ दिनको लागि हुनेछ ।

**(ड) धितोपत्रको क्रेडिट रेटिङ्ग** :

यस बैंकलाई ICRA Nepal Limited ले Low Credit Risk जनाउने "[ICRANP -IR] A[1]" (pronounced as ICRA NP Issuer Rating Single A) ग्रेडिङ्ग मिति २०७७/०१/१२ मा प्रदान गरेको छ । उक्त क्रेडिट रेटिङ्ग प्राप्त गर्ने संस्थालाई समयमा नै वित्तीय दायित्व पूरा गर्ने तथा कर्जा जोखिम न्यून भएको संस्थाको रूपमा लिईन्छ । उक्त रेटिङ्गको समयावधि रेटिङ्ग प्रदान गरिएको मितिबाट १२ महिनासम्म कायम रहनेछ । इक्रा रेटिङ्गको समयावधि यही मिति २०७८/०१/११ मा समाप्त हुने भएकोले आगामी १ वर्षसम्मको लागि रेटिङ्ग गर्ने कार्य प्रक्रियामा रहेको ।

**२३. सञ्चालक तथा विज्ञहरुको नाम तथा दस्तखत :**

यस विवरणपत्रमा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्णरुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने कम्पनीको सञ्चालकहरुको नाम तथा दस्तखत :

| क्र. सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री मधु कुमार मरासिनी | अध्यक्ष | |
| २ | श्री दीपेन्द्र विक्रम थापा | स्वतन्त्र सञ्चालक | |
| ३ | श्री केदार प्रसाद पनेरु | सञ्चालक | |

| | | | |
|---|---|---|---|
| ४ | डा. साबित्री रञ्जित श्रेष्ठ | सञ्चालक | |
| ५ | श्री विवेक शम्शेर ज.ब.रा. | सञ्चालक | |
| ६ | श्री विष्णु कुमार अग्रवाल | सञ्चालक | |
| ७ | श्री ओम कृष्ण श्रेष्ठ | सञ्चालक | |

२४. **निष्काशन तथा बिक्री प्रबन्धकले प्रस्तुत गरेको प्रतिवद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रति :**

**NABIL INVEST**

(A Subsidiary of Nabil Bank Ltd.)

Nabil Investment Banking Limited
3rd Floor, Central Plaza, Narayanchaur
Naxal, Kathmandu, Nepal
Tel : +977-1-4411604
+977-1-4411733
Fax : +977-1-4410554
E-mail : info@nabilinvest.com.np
Web : www.nabilinvest.com.np

मिति : २०७७/०९/१३

श्री नेपाल धितोपत्र बोर्ड,
जावलाखेल, ललितपुर।

विषय : ड्यु डेलिजेन्स् सर्टिफिकेट बारे।

महोदय,

काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं.२२, धर्मपथमा रजिष्टर्ड कार्यालय रहेको नेपाल बैंक लिमिटेडले निष्काशन गर्न लागेको कुल ३५,००,००० कित्ता ऋणपत्र (१४,००,००० कित्ता सार्वजनिक निष्काशन तथा २१,००,००० कित्ता व्यक्तित तवर (Private Placement) बाट) अंकित मूल्य रु. १,०००/– कायम गरी निष्काशन तथा बिक्री प्रबन्धकको रुपमा सेवा दिन हामी मन्जुर गर्दछौं। ऋणपत्रको निष्काशन गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३ मा भएको व्यवस्था अनुसार ऋणपत्र बिक्री वितरण गर्ने व्यवस्था मिलाईनेछ। यस निष्काशन सम्बन्धमा देहायका कुराहरु जानकारी गराउँदछौं।

१. कम्पनीको विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरु हामीलाई उक्त कम्पनीबाट प्राप्त जानकारी अनुरुप तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरुलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ। साथै कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययन गर्दा कम्पनीले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ।
२. प्रचलित धितोपत्र कारोवार सम्बन्धी कानून अनुसार पेश गर्नुपर्ने सम्पूर्ण कागजात र विवरणहरु प्रमाणित गरी त्यहाँ समक्ष पेश गरिएको र प्रत्येकको एक एक प्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ।
३. हाम्रो विचारमा कम्पनीद्वारा निष्काशित धितोपत्र, धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको प्रचलित धितोपत्र सूचीकरण सम्बन्धी व्यवस्था बमोजिम सूचीकरण हुन योग्य छन्।
४. कम्पनीले निष्काशन गर्न लागेको ऋणपत्रका लागि आवेदन दिने आवेदकहरुलाई ऋणपत्र सम्बन्धी व्यवस्था तथा विवरणहरु तथा दरखास्त फारम सरल तरिकाबाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा कम्पनीसंग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने छौं।
५. हामीले त्यस बोर्डबाट जारी गरिएको धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा उल्लेख सबै कुराहरुको अध्ययन गरेका छौं। उक्त व्यवस्थाहरुसँग अनुरुप हुने गरी कम्पनीले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएका छौं।

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक :**
नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेडको तर्फबाट
नाम : मनिष नारायण जोशी
पद : प्रमुख कार्यकारी अधिकृत

सही :

कार्यालयको छाप :

NABIL INVEST NAXAL KATHMANDU

Services : Issue Management, Registrar to Shares, Underwriting of Securities, Portfolio Management, Depository Participant, Fund Manager & Depository - Nabil Mutual Fund

Securities Businessperson (Merchant Banker) Licensed by SEBON

२५. विवरणपत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्रः

Regd. with The Institute of Chartered Accountants of Nepal : 56

**PYC & ASSOCIATES**
Chartered Accountants

A member firm of ECOVIS®

## REPORT ON THE PROJECTED FINANCIAL STATEMENTS

**Nepal Bank Limited**

**Dharmapath, Kathmandu, Nepal**

We have examined the projection of Nepal Bank Limited for the financial years from **Shrawan 2076/Ashadh 77 to Shrawan 2086/Ashadh 87** for the purpose of issuing 10 years 8.50% debenture amounting to NPR 3.50 billion in accordance with the Nepal Standard on Assurance Engagements applicable to the examination of prospective financial information. Management is responsible for the projection including the assumptions set out in Annexure of projected financial statement on which it is based. This projection has been prepared for prospectus to be submitted to ***Securities Board of Nepal (SEBON)*** for the approval to issue debentures as per the requirements of Securities Registration and Issue Regulations, 2073 of Nepal. The projection has been prepared using a set of assumptions that include hypothetical assumptions about future events and management's actions that are not necessarily expected to occur. Consequently, readers are cautioned that this projection may not be appropriate for purposes other than that described above.

We report that the Projection of Financial Statements as annexed hereto is based on:

1. Company's past audited statement of accounts
2. Various information and explanations given to us
3. Methods of accounting followed
4. Major assumptions as set out and annexed with this report

Based on our examination of the evidence supporting the assumptions, nothing has come to our attention which causes us to believe that these assumptions do not provide a reasonable basis for the projection. Further, in our opinion the projection is properly prepared on the basis of the assumptions and is presented in accordance with applicable financial reporting framework.

Even if the events anticipated under the hypothetical assumptions described above occur, actual results are still likely to be different from the projection since other anticipated events frequently do not occur as expected and the variation may be material. We further state that the annexed Projected Financial Statements have been prepared by the management on the basis of the assumptions set and we do not vouch the accuracy of the profits as projected.

CA. Shikha Bagla
Partner
PYC & Associates
Chartered Accountants

Date: 2077/09/10
Place: Kathmandu, Nepal
UDIN No: 201225CA00866cFfFc